Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

वर्ष- १७, अंक- ६ २०८१ साल भदौ ११ गते मंगलबार (Aug 27, 2024) www.janaakash.com.np

# मनमैजु महिला विद्यालयमा अध्ययन गर्दै आमाहरू

■ सावित्री बस्नेत (सब्)

**काठमाडौं-** भनिन्छ पढ्नलाई उमेरले छेक्दैन् । काठमाडौंको तारकेश्वर नगरपालिका वडां ९ स्थित मनमैजु महिला विद्यालयलले बाल्य अवस्थामा पढ्ने इच्छा हुदा हुदैं पनि पारिवरिक तथा आर्थिक समस्याका कारण पढ्नबाट बञ्चित महिला दिदी बहिनी तथा आमाहरुलाई पढ्ने रहर पूरा गरी दिएको छ ।

यस विद्यालयमा कक्षा एकमा अध्ययनरत ७० वर्षिया विष्णु माया सापकोटा भन्नुहुन्छ । "पढ्नलाई उमेरले छेक्दैन रहेछ । मलाई पढ्ने ठूलो रहर थियो । पहिला पढ्न पाइएन । छोरा छोरी पढाई सकि अब मलाई पनि छोरा छोरीले पढाउछन् ।" सापकोटाले भन्नुभयो । उहाँका अनुसार स्कूल आए पछि सहि गर्न र पढ्न सक्ने भएको छु ।

विद्यालयमा करिव २०० जना विद्यार्थी अध्ययनरत छन् । महिला विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उज्जवल अधिकारीका अनुसार यस विद्यालयमा अध्ययनरत महिला आमा दिदिबहिनीहरुका लागि सिलाईकटाई तालिम समेत दिई उनीहरुलाई स्वरोजगार बनाउने उद्देश्यले पढाईसँगै सिलाई तालिम दिएको बताएका छन् ।

विगत वर्षहरुमा विद्यालयको भौतिक संरचनाहरुको राम्रो व्यवस्था नभएका कारण विद्यालयमा शिक्षक विद्यार्थीहरु शौचालयमा समेत घण्टौं लाइन बस्न पर्ने अवस्था थियो । अहिले शौचालयको थप व्यस्था भए सँगै हामीलाई सहज भएको एक विद्यार्थी बताउछन् । यतिवेला निक्कै नै सुविधायुक्त भवनमा व्यवस्थापन राम्रो बनाई अपाङगमैत्री समेत बनाएको त्यस विद्यालयका अध्यक्षको भनाई छ ।

# रामेछापको लेकखर्कमा पैरो, १०औंको ज्यान गयो



तस्विर : नविन पाठक



तस्विर : राजन महतरा

■ मोहन कार्की

**टोकरपुर-** रामेछाप जिल्लाको दोरम्बा शैलुङ गाउँपालिका वाडन ३ लेकखर्क भन्ने ठाउँमा आठ गते वेलुका साढे १० बजे आएको भीषण पैरोले चार वटा घर बगाउदा छ जनाको मृत्यु भएको छ भने एकजना घाइते अवस्थामा उद्धार गरी काठमाडौंको मेडिकल कलेज सिनामंगलमा उपचार भईरहेको छ ।

बाकी ४ जना पैरोमा पुरिएर हराईरहेका छन् । हराईरहेका ४ जनाको खोजी गर्नको लागि लगभग २०० जनाको संख्यामा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, स्थानीय लगायत निरन्तर रुपमा खटिराखेको गाउँपालिकाको अध्यक्ष मैन कुमार मोक्तानले जानकारी दिएका छन् ।

**पैरोमा परी मृत्यु भएकाहरुको नामवली यस प्रकार छ ।**

चन्डिका श्रेष्ठ, आयुष श्रेष्ठ, उर्मिला श्रेष्ठ, संदीप पहरी, विज्ञान पहरी, सन्तोष पहरी रहेका छन् । उल्लेखित नामवली मृत्यु घोषित भईसकेका व्यक्तिहरुका हुन् ।

**पैरोले बगाएर हराईरहेकाहरुको नामवली यस प्रकार छ ।**

फडके पहरी, काले पहरी, झयाउकिरी पहरी, विन्दा पहरी रहेका छन् ।

पैरोमा घाइते अवस्थामा जिवितै उद्धार गरी अञ्जना पहरीको काठमाडौंको मेडिकल कलेज सिनामंगलमा उपचार भईरहेको छ ।

पैरो शनिवार राति गएको थियो । रातभरी अविरल वर्षा भएको कारण कहाँ कति क्षति भयो भन्ने एकिन भएको थिएन भोलिपल्ट विहान मात्र पैरोले घर बगाएको मानिस हराएको थाहा पाएर स्थानीयहरुले उद्धार गर्न खटेका थिए । आइतबारै गाउँपालिका अध्यक्ष मैन कुमार मोक्तान, सदरमुकामवाट प्रमुख जिल्ला अधिकारी अनिता निरौला, उर्जा, जलस्रोत तथा सिंचाइ राज्यमन्त्री पुर्ण बहादुर तामाङ, बिभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरु पैरो गएको क्षेत्रमा अवलोकन गर्न पुगेका थिए ।

रामेछाप जिल्लाबाट प्रतिनिधिसभा सदस्य जितेका हाल राज्यमन्त्रीको जिम्मेवारीमा रहेका पुर्ण बहादुर तामाङले मृतक र हराईरहेकाहरुलाई जनही १०/१० हजारको दरले सहयोग गरेका छन् ।

पैरोले जोखिममा रहेका लगभग ६० घर परिवारलाई तत्कालै दोरम्बा शैलुङ गाउँपालिकाले अर्को व्यावस्थापन नहुनजेल सम्मको लागि दोरम्बा शैलुङ गाउँपालिका वाड नं. ३ थामडाडास्थित कण्ठेश्वर माविमा व्यवस्थापन गरिएको गाउँपालिका अध्यक्ष मैनकुमार मोक्तानले जानकारी दिएका » बाकी ६ पृष्ठमा

# घरेलु उद्योग प्रबर्धनमा सबै एकजुट हुनुपर्नेमा सरोकारवालाहरुको जोड

■ सन्जिब दुलाल

**भक्तपुर-** घरेलु उद्योग प्रबर्धनमा सबै एक जुट हुनु पर्ने सरोकारवालाहरूले बताएका छन् । भादगाउँले कालो टोपी उद्योग सङ्घको प्रारम्भिक साधारण सभामा सरोकारवालाहरूले घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्न सबै एक जुट हुनु पर्ने बताएका हुन् ।

भक्तपुरको मौलिक पहिचानको रूपमा रहेको भादगाउँले कालो टोपी उद्योग सङ्घले आफ्नो पहिलो प्रारम्भिक साधारण सभा सम्पन्न गरेको छ । उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले घरेलु उद्योग, हस्तकलालगायतका उद्योगहरूले देशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउँदै यसको प्रबर्धनमा हामी एक जुट भएर लाग्नु पर्ने बताउनुभएको थियो । उहाँले नगरपालिकाले यहाँका मौलिक तथा परम्परागत सीप तथा कलाहरू संरक्षण र प्रवर्द्धनमा विशेष पहल गर्दै आइरहेको बताउँदै भक्तपुर भ्रमण गर्ने स्वदेशी तथा विदेशी विशिष्ट पाहुनाहरूलाई भादगाउँले टोपी, जुः जुः धौ, मौलिक थैली र मयुरको झ्याल उपहार स्वरूप प्रदान गर्दै आएको बताउनुभएको थियो ।

यस्तै उहाँले भादगाउँले टोपीको गुणस्तर कायम गर्नुपर्नेमा जोड दिँदै घरेलु उद्योगहरूलाई प्रबर्धन गर्न नगरपालिका सधैँ प्रतिबद्ध रहेको बताउनुभयो ।

यस्तै कार्यक्रममा भक्तपुर नगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष उपेन्द्र सुवालले भादगाउँले टोपीको शानलाई अझ उच्च राख्न व्यवसायीहरूले निरन्तर यसको संवर्द्धन र प्रवर्द्धनमा लाग्नुपर्ने बताउँदै भक्तपुरका मौलिक वस्तुहरूको ट्रेडमार्क कायम गर्न सके अझ फलदायी हुने बताउनुभएको थियो ।

त्यस्तै भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष रोशनी मैयाँ धाबन्जाले भादगाउँले टोपी प्रयोगकर्ताहरू कम हुँदै जाँदा व्यवसायीहरू निराश देखिएको बताउँदै भक्तपुरको मौलिक टोपी प्रयोग गर्न सबैलाई उत्साहित गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा भादगाउँले कालो टोपी उद्योगका सङ्घका अध्यक्ष सिताराम श्रेष्ठले » बाकी ६ पृष्ठमा

# टानको नयाँ कार्यसमिति निर्वाचनमा दुई प्यानलबाट उम्मेदवारी घोषणा







**काठमाडौं-** पदयात्रा (ट्रेकिङ) व्यावसायीको छाता संस्था ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)को नयाँ कार्यसमिति निर्वाचनका लागि अध्यक्षका प्रत्यासी राजेन्द्रप्रसाद सापकोटा र सागर पाण्डेले प्यानलसहित उम्मेदवारी घोषणा गरेको गरेका छन् । शनिबार सापकोटा नेतृत्वको समूहले र आइतबार पाण्डे नेतृत्वको समूहले उम्मेदवारी घोषणा गरेका हुन् ।

टानको आगामी भदौ १७ गते वार्षिक साधारणसभामार्फत नयाँ कार्यसमिति चयन हुँदैछ । अध्यक्षका प्रत्यासी » बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ६, २०८१ साल भदौ ११ गते मंगलबार (Aug 27, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### राष्ट्रिय अटो उद्योगको स्थपना कहिले हुन्छ ?

नेपालमा हरेक वर्ष हुने अटो शो नाडा अटो मोबाइल्स एशोशिएसन अफ नेपालले गर्दै आएको छ । कोभिड माहामारीको २ वर्ष र अन्य कुनै त्यस्तै समयमा मात्र नभएको तर प्रत्येक वर्ष अटो शो हुने गरेको छ । त्यस नाडा अटोमोबाईल्स एशोशिएसन अफ नेपाल संस्थामा आवद्ध १००० भन्दा बढी सदस्यहरुमा धेरैजति ट्रेडिङ कम्पनीहरु छन् । केही मात्रमा पछिल्लो समय ल्यूव वेल, अर्थात मोविल कम्पनी र स्पेयर पार्टसहरु, टायरहरु नेपालमा उत्पादन हुने गरेका छन् । नेपालको राष्ट्रिय उद्योगको रुपमा रहेको गोरखकाली टायर बन्द भएको दशकौ भईसकेको छ ।

तर यतापर्टी फर्केर हेऱ्यौ भने नाडा अटोमोबाइल्स एशोशिएसन अफ नेपालले आयोजना गर्ने अटो शोमा नेपालका बाहालवाला अर्थमन्त्रीहरु प्रमुख अतिथि हुने गरेका छन् । उनिहरुले प्रत्येक अटो शोमा नेपालमा उत्पादित वस्तुहरुको प्रयोग नेपालले पनि नयाँ प्रविधिमा लगानी गर्ने कुरा गर्ने गरेका छन् । त्यसो त डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेलामा मुस्ताङ मोटर नेपालमा नै उत्पादन गरेर नेपाल पनि आधुनिक युगमा गएको सन्देश दिने गरी मुस्ताङ गाडी चढेर देखाएका थिए ।

तर त्यो मुस्ताङ मोटर यतिवेला कहाँ छ कसैले खोजि गरेको अवस्था छैन् । नाडा अटो मोबाइल्स एशोशिएसनमा अध्यक्षको जिम्मेवारी संगाल्न आउने हरेक अध्यक्षहरुलाई यसै पत्रिकाको प्रधान सम्पादक मोहन कार्कीले नेपालमा अटो उद्योगकको लागि कति सम्भावना छ भनेर सोध्ने गरेको छ । धेरै जति नाडामा निर्वाचित अध्यक्षहरुले नेपाल सरकारले वातावरण बनाईदिने हो भने अटो अद्योगमा लगानी गर्न हामी तयार छौ भन्दै आएका छन् ।

तर दशकौ बित्दासमेत सरकारकाले वातावरण नबनाएको हो वा व्यवसायीहरुले चासो नदेखाएका हुन् । नेपालमा अटो उद्योगको विकास नहुनुमा प्रश्न विचारणीय भएको छ ।

यो विषय पक्कै पनि अहिलेका अर्थमन्त्री जो समाजवादी व्यवस्थामा पुग्ने सपना देखेको पार्टीका छन् । तिनै अर्थमन्त्रीले अटो उद्योगको विषयमा सोच्लान् ! उद्योग मन्त्रीसँग सल्लाह लेलान् । सञ्चार तथा सूचना प्रविधिमन्त्रीसँग त्रिपक्षिय छलफल गर्लान् यतिवेला आम नयाँ आयम चाहने युवाहरुको विश्वास छ । साच्चै देशको नेतृत्व गर्ने सम्बन्धित निकायहरुले चाहने हो भने नहुने कुरै छैन् । दक्षिण कोरियाले हुण्डाई गाडी उत्पादन गरेर गरेको विकासलाई लिन सकिन्छ । त्यसर्थ सोचेर अटो उद्योगको विकासमा लाग्ने हो भने नेपालमा थुप्रै खाली जमिनहरु प्रशस्त छन् । त्यस्ता क्षेत्रहरुमा अटो उद्योगको लागि वातावरण सरकारले बनाउने र लगानीकर्ताले लगानी गरेर अटो उद्योगको स्थापना गर्ने नेपालमा सवारी साधनको उपभोग बढ्दो छ । विशेष गरेर विद्युतिय सवारी साधन नै नेपालले उत्पादन गर्नु उचित हन्छ । नेपालमा उर्जा अर्थात बिजुली पनि प्रशस्त छदैछ । त्यसमा सहुलियत दिएर भएपनि नेपालमा अटो उद्योग स्थापना गर्न सक्ने हो भने दिनहु लाईन बसेर नेपाली युवायुवतीहरु विदेशमा काम गर्न जान पर्दैनथियो होला ।

यस्ता गहन विषयमा कस्ले सोचेको छ ? नभए वर्षैपिछे विदेशी गाडी अर्थात सवारी साधन नयाँ नयाँ मोडलका नेपाल भित्र्याउने नेपालले मरीमरी कमाएको पैशा सवारी साधन खरिद गर्न विदेश पठाउने काम वाहेक अरु हुन सक्दैन । त्यसैले नेपालमा अटो उद्योग छिटो भन्दा छिटो स्थापना गर्नु आजको आवश्यकता छ । सम्बन्धित निकायको ध्यान पुग्नुपर्छ ।

# रूपमती उपन्यासमा आदर्श नारी पात्रको चरित्र चित्रण



सारदा पराजुली

**पृष्ठभूमि**

रुपमती उपन्यास नेपाली उपन्यास साहित्यको पहिलो मौलिक उपन्यास हो । दरबार हाइस्कुलका प्रधानाध्यापक रुद्रराज पाण्डेद्धारा लिखित प्रस्तुत उपन्यास पहिलो नेपाली आधुनिक उपन्यास भएकोले यस कृतिको प्रकाशन वि. स. १९९७ मा भएको हो । यसलाई पछि साझा प्रकाशकले प्रकाशनमा ल्याएको र हाल विशिष्ट स्थान रहेको छ । यसको २७ औं संकरण निस्किएको छन् । आदर्शोन्मुख ययार्थवादी धारा भित्र रहेर उपन्यासको रचना गरिएकोले पनि नेपाली आधुनिक कथा साहित्यका प्रवर्तक गुरुप्रसाद मैनालीसँग तुलना गर्ने गरिन्छ । नेपाली समाजको यथार्थ चित्रण गर्दै अन्त्यमा आदर्श समाजको लागि नैतिक सन्देश दिएका छन् ।

प्रस्तुत उपन्यास लघु आकार, घटनाहरुको द्रुतता ११६ पृष्ठ, बिसौं परिच्छेदमा कथानक पूर्णताले प्राप्त गरेको छ । यस अध्ययन रुपमति उपन्यासलाई विश्लेष्ण सामग्रीको रुपमान लिई मुलतः उपन्यासको नारी पात्रमा उत्पन्न घटना र परिस्थितिले जन्माएको मनोदशालाई केलाउने काम भएको छ । बालिक उमेरमा विवाह भएकी रुपमती धनाड्य परिवारमा जन्मेकी रुप झै बलेकी जुन जस्तै राम्री थिई । सानै उमेरमा हविलालसँग विवाह भई नेपाली समाजको आदर्श नारीको उदाहरण दिन सफल भएकी यीनी आदर्श छोरी, बुहारी, भाउजु र गृहिणी समेत हुन् । रुपमति मोहन प्रसाद लुईटेलको एकमात्र सन्तान हुन् । उनी साह्रै सुशील, कर्तव्यपरायण र असल चरित्रको नारी रहेकी छन् । तर उनकी सासु भने उग्र, चोथाले, दुच्छर तथा ईष्यालु स्वभावकी हुन्छिन् र रुपमतिलाई अत्यन्तै दुःख र सास्ती दिन्छिन् । आफ्नी आमाबाट रुपमतीले विनय, धैर्य र सहनशीलता सिकेकी हुनाले सासुको कर्कसो व्यवहार यिनी आफ्नो आँसु भित्र लुकाएर चुपचाप सहिरहेकी हुन्छिन् ।

रुपमतीका पति एच.एल. शर्मा भनिने हविलाल शर्मा निकै प्रचावशाली र तिक्ष्णा बुद्धि भएकोले छात्रवृत्तिमा पढ्न बनारस हिन्दु विश्वविद्यालयमा अङ्ग्रेजीमा समेत बी.ए. अध्ययन गर्नु र अङ्ग्रेजी सभ्यता, संस्कार, चालचलन आदिबाट प्रभावित पनि बनेका छन् । पश्चिमी सभ्याताको बखान गर्ने अङ्ग्रेजी भेषभूषामा सजिने, आनन्दी जीवन र बाहिरी रमझममा रमाउने धार्मिक आस्था, आदर्श आचरणप्रति श्रदा हराउदै जाने प्रवृतिका हुन्छन् । पश्चिमी सभ्यतामा रमेका हविलाल बी.ए अध्ययन गरेर घर फर्के पछि पण्डित समाज र रुपमतिलाई पटक्कै मन पराउदैनन् । यस्तैमा उनको भाइ रविलालको विवाह छेपेटारको बराल पुत्री सँग हुन्छ । कान्छी बुहारी भित्र्याएर जेठीको मेख मार्न पाएकोमा मख्ख थिइन पण्डित्नी बज्यै । कान्छी बुहारी कामचोर, चोथाले झगडालु ईर्ष्यालु, खर्चालु र कर्कशा स्वभावकी हुन्छे । परिणाम घरपरिवारमा सानोतिनो कुरामा ठाकठुक परिरहन्छ ।

पिताको अकस्मात निधन भएकाले हविलाल एम्.ए. अध्ययन गर्न पाउदैनन् । घरको जिम्बेवारीले गर्दा जागिरतिर लाग्छन् । रुपमतिलाई पनि घरमा सघाउने कोही हुदैन रुपमतिको आदर्श र जिम्मेवारी, सरल व्यवहार, सुशिल स्वभाव, धैर्यता देखेर छविलाल प्रभावित हुन्छन् र माया गर्न थाल्छन् । किन्तु बरालपुत्री भने उदण्ड उच्छृङ्खलको सिलसिला दिन प्रतिदिन बढ्दै जान्छ । रविलाल ससुरालीबाट ल्याएको सम्पति कुलतमा फसाउदै जान्छन् । पण्डित्नी पनि बरालपुत्री र रविलालको खराब बानी व्यवहारले गर्दा रुपमति तर्फ मन फर्काउन थाल्छिन् ।

माईतिको सम्पतिमा धाक लगाएकी बरालपुत्री र पण्डित्नी बज्यैबीच दैनिक झगडा हुन्छ । यसै क्रममा रुपमतीको छोरा जन्मिन्छ । परिवार र छरछिमेकमा समेत खुसियाली छाउछ । बरालपुत्रीलाई भने इर्ष्या पैदा हुन्छ । परिणमतः सुत्केरीलाई बनाएको खाना समेत चोरेर खाइदिन्छे । हविलालको राम्रो योग्ताको कारणले राम्रो जागिर मिल्छ र घरको बन्दोबस्त पनि राम्रो हुदै जान्छ । उता रविलाल भने श्रीमतीको प्याओ सम्पति समेत उडाउदै मोजमस्ती गरेर जीवन विताउछ । एक दिन बरालपुत्री केराको बोक्रामा चिप्लेर लड्छे र सासु सँग निकै झगडा हुन्छ । परिणामतः बरालपुत्री र रविलाल घरबाट छुट्टिएर अनेत्र बस्न थाल्छन् । आफ्नो सुर गरेर बस्नु, चार छोरीको जन्म हुनु, परिवारको स्थीति बिग्रदै जानु, फजुल खर्च बढ्नु, ससुरालीबाट आउने सम्पती कमि हुनुले रविलालको स्थिति नाजुक बन्न पुग्छ । आमा बाको मृत्यु हुनु र भाउजु बुहारीले हेला गर्नु दुर्व्यसनीमा फसेका लोग्ने र छोराछोरीलाई खुवाउने कुरा कमिले परिस्थति क्षिण बन्न पुग्छ । घर र सामाजिक रुपमा छिद्र बनेको परिवेशमा बरालपुत्री मितिनी कहाँ गएर बस्छे । ऋणका कारणले लुकिलुकि हिड्ने र गल्लीमा जीवन विताउन थाल्छन् । समाजमा देवर देउरानीको यस्तो हल्ला फैलिन्छ । रुपमतीले थाहा पाएर विभिन्न उध्दारका प्रयास गर्छिन । देवर देउरानीलाई घरमा ल्याएर औषधि उपचार गर्छिन् र जीवन निर्वाहाकालागि तराईको खेत सुम्पिन्छिन् । समयको केही अन्तरमा उनीहरु पनि सुध्रिन्छन् । दाजु भाउजु प्रति कृतज्ञ भाव पनि राख्दै जान्छन् । रुपमतीको यस्तो व्यवहार देखेर सबैजना उनको प्रशंसा गर्छन् ।

यस उपन्यासमा पारिवरिक परिस्थिति मिलाउन रुपमतीले खेलेको भूमिका अतुलनीय छ । सानोमा विवाह गर्ने परम्परा हुनु र महिलाले महिला माथि गरेको अत्याचार अन्याय र थिचोमिचो सहेर पतिलाई भगवान मान्ने समाजमा बराल पुत्री जस्ता महिलाले गर्दा विग्रीएको घर रुपमती जस्तो पात्रले समेटेर उपन्यासको सुखद अन्त्य गराएको छ । सकरात्मक सोच र उपयुक्त सस्कारले धैर्यवान बनाउछ । सफल समाज निर्माणमा महत्वपूण भुमिका खेल्छ । यस उपन्यासमा नारी पात्रहरुले के कस्ता समस्यागत घटनाबाट उत्पन्न के कस्ता मनोदशा भोग्न बाध्य छन् ? तिनीहरुको बेग्लाबेग्लै रुपमा वस्तुपरक मनोविश्लेषण यस लेखमा गरिएको छ ।

**अध्ययनको विधि**

प्रस्तुत कृतिको अध्ययन गुणात्मक र साहित्यिक प्रकृतिको रहेको छ, त्यसैले यसका लागि आवश्यक सामग्री संकलन अध्ययन र विश्लेषण पुस्तकालयीय विधिका आधारमा गरिएको छ । 'रुपमती' उपन्यासलाई विश्लेष्य मुल सामग्रीका रुपमा उपयोग गरिएको छ । यसको शीर्षक 'रुपमती उपन्यासका नारी पात्रको मनो विश्लेषण' भएकाले नारी मनो विज्ञानसँग सम्बन्धित लेख रचना पत्रपत्रिकाको तत्थ सम्बन्धी टिप्पणी आदि सामग्रीलाई अध्ययन गरी यसको सैद्धान्तिक आधार बनाइएको छ । यसमा मुलतः डब्ल्यु एच हड्सन्, नाट्यशास्त्री भरतमुनि हेनरी इन्सनको डलहाउस कृति सँग सन्निकट रहदै नारी मनो विज्ञानलाई केलाउने काम गरिएको छ । खास गरी तत्कालीन समयमा नारीहरुको पिडा कस्तो थियो भन्ने कुरा केलाउन खोजिएको थियो । पुरुषले गर्ने अत्याचार सँगै नारीले नारी माथि गर्ने दमन अन्याय अत्यचार कहाँ सम्म थियो भन्ने कुराको निर्ष्कष रुपमती उपन्यास बाट गरिएको छ ।

**रुपमती उपन्यासमा नारी पात्रको चरित्र चित्रण**

पूर्वीय काव्यशास्त्रमा वस्तु नेता रसमध्ये रसलाई र पश्चिमी काव्यशास्त्रमा अरस्तुले कथानकलाई प्रधानता दिए तापनि आधुनिककालमा साहित्यका प्रायः सबैजसो विधामा चरित्रलाई महत्व दिएको पाईन्छ । त्यसैले आधुनिक उपन्यासमा चरित्रको उच्च महत्व छ । यस उपन्यासमा रहेका नारी पात्रहरुको आदर्शलाई केलाउने काम गरिएको छ ।

यस कृतिमा केन्द्रिय नारी पात्र रुपमती कुन् । सात बर्षमा विहे गरेकी रुपमती उसको सासुको कर्कसो स्वभावबाट कत्ति पनि विचल्लित नभै धैर्य र सहनशिलताको प्रतिनिधित्वो गर्ने पात्रको रुपमा उभ्यइएको छ । आदर्शउन्मुख उपन्यासकार रुद्रराज पाण्डेका उपन्यासमा परिवार र व्यक्तिको निर्माणमा नारीको प्रमुख स्थान रहेको कुरा निर्दिष्ट छ । उपन्यासकारका विचारमा जहाँ नारीको भूमिका स्तुत्य छ त्यहाँ घर परिवार र समाजको स्थिति पनि उच्चस्तरीय हुन्छ । त्यसैले यस उपन्यासमा नारीलाई महत्वपूर्ण भूमिका दिएको हुन्छ र उनैको हातमा घर परिवारको भविष्य सुम्पेको हुन्छ । जहाँ नारी सुशील, सभ्य, क्षमताशिल, उदार कर्तव्यपरायण र धैयैशील हुन्छन् त्यहाँ सदैव समृद्धिले वास गर्छ । यस कथानक पण्डित छविलालको पारिवारीक समस्या सँग सम्बद्ध छ । परिवार भित्रका सर्घष, खिचातानी, ईर्ष्या, द्धेष, कलह, कटुता, माया प्रेम आदिका रुपमा महिलाको आफ्नो स्थान मान र मर्यादा आइ परेको जिम्बेवारी सँगै आदर्श छोरी, बुहारी, भाउजु, गृहिणी समेतको अवस्था पार गरेर सामान्य जीवन यापन गर्न सक्नु नारीको परिचय हो । कलहले भन्दा शान्त र धैर्यले सामाजिक मर्यादा राख्न सकिन्छ । रुपमतीको चरित्रले यहि प्रस्तुत गरेको छ । बराल पुत्रीले सौहार्द व्यवहार गर्न नसक्नु र भोलि आइपर्ने समस्यालाई वेवास्ता गर्नाले भोग्नु परेको समस्या र सासुले बुहारी माथि गरेको हैकम छुद्र व्यवहारलाई समालेर अघि बडेमा आउने परिणाम, आफ्नाले दुख पाउदा पुनः सहानुभूती राखेर परिवारलाई मिलाएको र सुखद कथाको अन्त्य भएको छ । यीनै यीनै घटनावृत्तिका कारण रुपमती उपन्यासका नारी पात्रहरुको मनोविज्ञान के कस्तो रुपमा रह्यो र त्यही मनोरोगका कारण बरालपुत्री मितिनीकहाँ बस्न पुगिन र पुनः रुपमतीले समालिन् भन्नेकुरा चित्रण गरिएको छ । यसरी दृष्टिगत गर्दा उपन्यासको कथानकलाई अघि बढाउन त्यसका चरित्रहरुको गहन भूमिका हुने भएकाले चरित्र वा पात्र उपन्यासको आधारभूत तत्व हो ।

**रुपमती**

नारी मनोविज्ञानकी विश्लेषणकर्ता क्रिस्तेभा भन्छिन् 'हाम्रो समाज व्यवस्थामा महिला एक उत्पादित वस्तु जसलाई वस्तु झै पुरुषद्धारा उपभोग गरिन्छ' । रुपमती उपन्यासकी नारी पात्र रुपमती यो भनाइको पुर्ण पुस्ष्ट्याइमा परेकी छन् । उपन्यासमा नायिकाको भूमिका आदि देखि अन्त्य सम्म आबद्ध र उपन्यासको शीर्षकसँग सम्बद्ध रुपमती काठमाण्डौंको धोबीधारामा अवस्थित मोहन प्रसाद लुइँटेलको ब्राह्ण परिवारमा जन्मिएकी नारीपात्र हुन् । उपन्यासमा सारै सानो उमेरमा हविलालसँग विवाह भई नेपाली परिवेशमा आदर्श नारीको उदाहरण दिन सफल भएकी आदर्श छोरी, बुहारी, भाउजु । गृहिणीसमेत हुन् । सामान्या औपचारीक शिक्षा मात्र प्राप्त भए पनि यिनीमा घर परिवार राम्ररी संचालन गर्ने, सामाजिक मानमर्यादा तथा छरछिमेकमा सौहार्दता राख्न सक्ने गुण, असिम सहनशिलता र धैर्य रहेको पाईन्छ । यिनी पाश्चात्य शैली र रङ्गढङ्गमा पति हविलाललाई माया ममताको दाम्पत्य बन्धनमा राख्न सफल देखिन्छिन् 'तिम्रो रुपमा जादु छ, शर्माजी प्रशंशा गर्छन रुपमति लजाउदैछि ! हजुरले एकै सासमा कति बक्नु भएको' (पृ ५३) । ससुराको मृत्यु पछि गृहस्तीको जिम्बेवारी सबै आफुमा आईपर्दा पनि कत्ति विचलित नभई काम समाल्ने क्षमता यिनीमा देखिन्छ । आफु दुइजीउको हुदा सासुले काम सघाइदिदा सासुलाई आदर गरेर 'हजुर अब बुढी भइसक्नु भयो हजुरलाई काममा जोतेर हामी हेरीरहनु ठिक पर्ला ? (पृ.७७)'। सासुलाई सम्झाउदै हुन्छीन् । देवरको अल्लारे बुद्धि छ पतिलाई सम्झाउदै 'अहिले उस्तो बुद्धि पनि कहाँ पाकिसकेको छ र !' (पृ.१०९)

यिनी देवर देउरानीले अनेक लाल्छना लगाए पनि शान्त स्वभावले आफ्नो काममा तत्पर रहन्थिन । अनेक किसिमले सताएकी भए पनि दाजु भाईको सम्बन्धमा सधै चिन्तित रहिरहने रुपमती 'आफ्नो सहोदर भाइका विजोग हेरेर बसिरहने त ?' (पृ७९) । देवरले ऋण नतिरेकोमा साहुले थुन्दा ऋण तिरी 'त्यो त तिरिदिनै पर्छ' (पृ ११०) । देवरलाई छुटाएको देख्दा यिनी विनम्रर दायित्व बोध गर्ने नारी पात्र ठहरिन्छिन् । यति मात्र होइन शर्माजीलाई जोड गर्दै 'पछि जेसुकै होस्, अहिले काबुलीले त्यत्रो हुर्मत लियो' (पृ ११०)। रुपमती सहनशिल र क्षमताशिलको प्रतिमुर्ति ठहरिन्छिन् । यहि गुणले गर्दा नै उनलाई परिवार तथा समाजको एक आदर्श चरित्रको सीमा सम्म पुग्ने शक्ति प्रदान गरेको पाइन्छ । समग्रमा भन्दा यिनी यस्ती पात्र हुन् जसले उपन्यासको आरम्भ देखि अन्त्य सम्मनै महत्वपूर्ण भूमिका निर्वाह गर्न सकिन् । यसैले रुपमती उद्देश्यका दृष्टिले अनुकुल, स्थिति बदलिने प्रकृतिले गर्दा गतिशिल समाजलाई बदल्ने क्षमता भएको प्रेरणदायी एवम् स्नेह, सद्भावना, उदारता, सहानुभुति तथा कर्तव्यपरायण जस्ता गुणले अनुकरणी चरीत्रकी नारी पात्र हुन् ।

**बरालपुत्री**

रुपमती उपन्यासमा रविलालकी पत्नीका रुपमा रहेकी बरालपुत्री छेपेटारका मधुवन बरालकी छोरी हुन्। उनी अँध्यारो निधार, चिम्से आँखा, लामोनाक, बाक्लो आठ र खडबडिएका दाँत भएकी पारिवारीक कुसंस्कारले ग्रस्त दुस्चर र दुष्ट स्वभावकी नारी हुन् । यस उयन्यासमा खलनायिकाको भूमिका रहेकी यिनी न अनुहारले राम्री छन् न व्यवहारले नै । यिनी नक्कली मिजास र शृगारमा रमाउने, माईतीको धाक देखाएर अरुलाई ठाडै निल्ने खोज्ने खालको स्वभावकी छन् । सासु सँग मुखमुखै लागेर 'यो मर्न नसकेकी बुढीले मार्न लागि ! हुँदाहुँदै त केराको बोक्रा भऱ्यङ्मा तेर्स्याएर चिप्लाएर मारु भन्ने मन भएकी बुढी (पृ.७१)' । एकै परिवारमा रहेकी जेठानी रुपमतीको कारण ईर्ष्या गर्ने, सुत्केरीलाई बनाएको खानेकुरा

» बाकी ६ पृष्ठमा

# कलाकार विनोद श्रेष्ठको संर्घषपछिको सफलता



*काठमाडौं- विगत लामो समयदेखि कलाकारिता क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएका विनोद श्रेष्ठ हजारौं दर्शक श्रोताको मनमा बस्न सफल भएका व्यक्ति हुन् । चाहे म्युजिक भिडियोमा होस या सिरियलमा उनले गरेका काम दर्शकले रुचाएकै हुन्छन् । पछिल्लो समय आफूलाई व्यस्त कलाकारको रूपमा पनि चिनाएका छन् । उनै कलाकार महिनाको २५, २६ दिन सुटिङमै व्यस्त हुन्छन् बाकी समय आफ्नो परिवार र समाज सेवामा बिताउने गर्दछन् । नेपाली मौलिकता झल्कने नेपालका हिट सिरियल भुन्टी, जुठे, टुहुरी, सकस बाट आफूलाई चिनाउँदै चर्चामा आएका विनोद श्रेष्ठको कलाकारिता क्षेत्रमा छुट्टै काहानी र सङ्घर्षहरु छन् ।*

*कुनै बेला कलाकार विनोद श्रेष्ठसँग सुटिङमा जाँदा गाडी भाडा हुदैन् थियो, एक प्लेट म:मको भरमा बेलुकाको छाक टार्ने गर्थे । सडकको गल्लि गल्लिमा कामको सिलसिलामा भौतारिने गर्थे । अहिले उनै कलाकारलाई हेर्ने हो भने कलाकारिता क्षेत्रमा स्थापित भइसकेका छन्, आफ्नै गाडी, घर छ । महँगी सहरमा कलाकार भएर हिँड्ने हैसियत बनाएका छन् । कलाकार विनोद श्रेष्ठ भनेर सर्वाधिक दर्शकलाई चिनाएका छन् । यो नै उनको ठुलो सफलता हो जोकोहिले यो सफलता नपाउन पनि सक्छन् । याक्टिङ गर्दा होस या म्युजिक भिडियोमा डान्स गर्दा कलाकारिताको भावमा डुबेर अभिनय गर्ने विनोद श्रेष्ठ आफूले कलाकारिता क्षेत्रमा भोगेका तिता, मिठा अनुभव जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रममा सुनाउँछन् ।*

**आज भोली केमा व्यस्त हुनुहुन्छ ?**

आज भोली सिरियल, सट मुभिको सुटिङ तिर नै व्यस्त हुन्छु। अरू काममा समय दिन पाएको छैन महिनामा २५, २६ दिन सिरियल, सट मुभिको सुटिङ हुन्छ । पछिल्लो समय कलाकारिता क्षेत्रमा आफूलाई निकै व्यस्त बनाएको छु, यो व्यस्त नै मेरो सफलता हो भन्ने ठान्छु ।

**कलाकारिता क्षेत्रमा लागेको कति भयो ?**

कलाकारिता क्षेत्रमा लागेको २६, २७ वर्ष भयो २०५६ सालदेखि कलाकारिता क्षेत्रमा निरन्तर लागेको छु । म रङ्गकर्मी पनि हो २०५४ सालदेखि २६ सालसम्म जमल सांस्कृतिक कला केन्द्रबाट अभिनय प्रशिक्षण लिएर आएको छु। कलाकारिता क्षेत्रको मैले लामो अनुभव बोकेको छु, दर्शकको माया साथ सपोर्टले आजसम्म कलाकारिता क्षेत्रमा टिकी रहेको छु।

**कलाकारिता क्षेत्रमा लागि रहँदा कुनै सम्झिन लायक अबिष्मरणिय क्षण छन् तपाईका ?**

कलाकारिता क्षेत्रमा मेरो आफ्नै कथा, व्यथा र संर्घष छ। यो क्षेत्रमा मैले धेरै मेहनत गरेको छु। ती हिजोका दुखका दिनहरूलाई सम्झिदा आज पनि अचम्म लाग्छ।

एक पिलेट म:म किनेर अचार धेरै माग्थे अनि त्यो अचार प्याक गर्न लगाएर घरमा लगेर खानासँग खान्थे तरकारी किन्ने पैसा हुदैन् थियो। म:मको अचारसँग खाना खाएर छाक टार्ने गथे। मेरो जीवनमा त्यस्ता दुखका दिनहरू धेरै छन्।

**कलाकारिता क्षेत्रको भविष्य के छ जस्तो लाग्छ तपाईंलाई ?**

कलाकारिता क्षेत्रको भविष्य एकदमै राम्रो छ यो क्षेत्रमा लागेर नाम, दाम दुवै कमाउन सकिन्छ। कलाकारिता क्षेत्र भनेको सम्मानित पेसा हो, जोकोही यो क्षेत्रमा लाग्न पनि सक्दैनन् कलाकारिता क्षेत्रमा सबैको नजर जान्छ। यो क्षेत्रलाई बुझ्न सक्यो भने राम्रो छ बुझ्न सकेन भने राम्रो छैन। कसरी बुझ्रेर अगाडी बढ्ने भन्ने हुन्छ। आफूले मेहनत गरेर यो क्षेत्रमा निरन्तरता दियो भने कलाकारिता क्षेत्रको भविष्य राम्रो छ तर यो क्षेत्रलाई बुझ्न सक्नुपर्छ।

भन्दै चर्चित कलाकार विनोद श्रेष्ठ जन आकाश मिडियासँग बताउँछन्।

# गीत सङ्गीतमा भविष्य देख्दै इन्दिरा खड्का

**काठमाडौं–** बोलीमा मिठास आवाजमा एक प्रकारको जादु, हसिली स्वभाव भएकी इन्दिरा खड्का आफ्नो गायकी प्रस्तुति देखाउन जन आकाश मिडियाको कार्यालय सम्म आइपुगेकी छिन्।

उनै नव गायिका गीत रेकर्ड गर्न चाहन्छिन् तर गीत रेकर्ड गर्न परिवारको आर्थिक अवस्था एकदमै दयानिय रहेको छ। अहिले पढाइसँगसंगै गीत सङ्गीमा पनि पाइलाहरू चालिरहेकी छिन्। गीत रेकर्ड गर्ने अवसर खोज्दै जन आकाश मिडियाले निर्माण गरेको प्रतिभाको लागि सम्मान र नव प्रतिभाको लागि स्थान दिने सङ्गीत खबर कार्यक्रम सम्म आएको बताउँछिन्।

रामेछापमा जन्मेकी इन्दिरा खड्का सामान्य परिवारमा हुर्केकी चेली हुन्। सानैदेखि गायिका बन्छु भनेर सपना देखेकी इन्दिरा खड्का गाउँघरमा मेलापात, उकाली, ओराली, घाँस, दाउरा गर्दा गीत गुनगुनाउने गर्थिन्। उनको आवाज सुनेर सबैले भविष्यमा गायिका बन्छेस् भनेर छरछिमेक, आफन्तहरूले उनलाई हौसला प्रधान गर्ने गथे।

सानैदेखि गीत सङ्गीत क्षेत्रमा भविष्य देखेकी इन्दिरा खड्का स्कुल, कलेजका कार्यक्रममा आफ्नो गायकी प्रस्तुति पस्किने गर्थिन, आफूले गाएको गीत सुनेर स्कुलका साथीभाइ र गुरुहरूले गीत सङ्गीतमा लाग्न सल्लाह सुझाव दिने बत्ताउँछिन्।

गीत सङ्गीतमा लाग्न घरपरिवारको समर्थन रहेको, परिवारले पनि गीत सङ्गीतलाई राम्रोसँग बुझेको तर गीत रेकर्ड गर्न परिवारको आर्थिक अवस्था निकै कमजोर रहेको इन्दिरा खड्का बताउँछिन्।

गीत गाउने र आफ्नो गीतमा आफै अभिनय गर्ने गाउनेसँगै अभिनयमा पनि उतिकै रहर भएकी इन्दिरा खड्का गीत गाएर देशलाई चिनाउने सोच बोकेको बताउँछिन्।

सकारात्मक सोच बोकेर गीत सङ्गीतमा लागेकी इन्दिरा खड्का दर्शकको साथ सपोर्ट पाए छिटै गीत निकाल्ने जन आकाश मिडियासँग बताउँछिन्।

पुरा भिडियो तल लिङ्क दिएको छ



# रामेछाप डायरी

## रामेछापमा योग अभ्यास गर्नेको संख्या बढ्दै



स्वस्थ रहनका लागि योगको महत्व बढ्दै गएको छ । विभिन्न कारणले मानिस अस्वस्थ हुने क्रम बढेसँगै योगतर्फको आकर्षण अझ बढेको हो। रामेछापमा स्वस्थ जीवनशैली र तनाव व्यवस्थापनका लागि योग साधना केन्द्रमा दैनिक योग गर्न जानेको सङ्ख्या बढिरहेको छ।

विशेष गरी बजार क्षेत्रका नागरिक योग अभ्यासका लागि साधना केन्द्रहरूमा पुग्ने गरेका छन्। जिल्लामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, बह्मकुमारी राज योग सेवा केन्द्र, मन्थली मावि, प्रहरी कार्यालय लगायत योग साधना केन्द्रमा दैनिक योग अभ्यास हुने गरेको छ।

शारीरिक तन्दुरुस्ती र मानसिक स्फुर्ति बढ्ने भएकाले योगमा आकर्षण बढ्दै गएको हो। सामान्यतया योग भन्नाले हातखुट्टा तन्काउनु, स्वाश प्रश्वासका प्रक्रियामार्फत शारीरिक अभ्यास वा कसरत गर्नुलाई बुझिने भए पनि वास्तवमा योग जीवन जीवन जिउन आवश्यक पर्ने पद्धति र पूर्ण जीवनशैली अनि आनन्दित जीवन जिउने कला हो।

योगलाई आयुर्वेदिक चिकित्सा प्रणालीसँग जोडिएको छ । व्यस्त जीवनमा साधारण सुत्रहरू अपनाएर नै आफूलाई स्वस्थ राख्न सकिने भएपछि धेरैको रोजाइमा पर्न थालेको हो।

पछिल्लो समय मानिसको व्यस्तता बढ्दै गएको छ भने खानपान र जीवनशैली पनि फेरिँदो छ । धेरै कारणले नागरिकको स्वास्थ्यमा प्रतिकुल प्रभाव पारिरहेका बेला योगको महत्त्व अझ बढेको प्रशिक्षकहरू बताउँछन्।

## रामेछापका विनय घिमिरे त्रिवि पहिलो सेमेस्टरमा ‘टप‘



रामेछाप जिल्लाको रामेछाप नगरपालिका-०८ बाबियाखर्कका विनय घिमिरेले त्रिभुवन विश्व विद्यालय अन्तर्गतको पहिलो सेमेस्टरमा ’टप’ गर्नुभयो। शारदा संस्कृत मावि बाबियाखर्कबाट आफ्नो प्रारम्भिक अध्ययन थालेका घिमिरेले त्रिविले लिएको वार्षिक परीक्षामा (बिबिए) तर्फ शंकरदेव क्याम्पस काठमाडौंबाट विश्व विद्यालय टप गर्नुभयो । त्रिभुवन विश्व विद्यालय गत मङ्गलवार नतिजा प्रकाशित गरेको थियो ।

यस अगाडि पनि शंकरदेव क्याम्पसले लिएको छात्रवृत्तिको आन्तरिक परीक्षामा पनि घिमिरे सर्वोत्कृष्ट हुँदै पूर्ण छात्रवृत्ति प्राप्त गर्न सफल हुनुभएको थियो। पठनपाठनमा मेहनती, अनुशासित र व्यवहारमा अब्बल घिमिरेले माथिल्लो कक्षामा सर्वोत्कृष्ट नतिजा हासिल गर्न सफल हुनुभयो ।

रामेछापको मन्थली स्थित तामाकोशी बोर्डिङ स्कुल हुँदै आफ्नो अध्ययनलाई अगाडि बढाएका उनीसँगै शंकरदेव क्याम्पसबाट सम्पदा अधिकारी, समीक्षा हमाल, आयुष्मा राउत, सबिना आचार्य र लक्ष्मी शर्मा समेतले ४.०० ‘एसजीपीए’ ल्याई त्रिवि टपर भएको त्रिविले सार्वजनिक गरेको सूचनामा उल्लेख छ।

२०७८ सालमा जिल्ला सदरमुकाम मन्थलीमा सञ्चालित तामाकोशी बोर्डिङबाट ३.९० जिपिए ल्याएर विनयले (एसइई) उत्तीर्ण गर्नुभएको थियो । तामाकोशी बोर्डिङका प्रधानाध्यापक दीपक खड्काले आफूहरूले पढाएको विद्यार्थीले त्रिवि टप गर्नु विद्यालयकै लागि गौरवको विषय भएको बताउनुभयो ।

नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष बद्री नयाँघरे तथा मिरा घिमिरेका कान्छा छोरा विनयले जिल्लाकै इतिहासमा पहिलो हुँदै (त्रिवि) मा सर्वोत्कृष्ट नतिजा हासिल गरेका हुन्। रामेछापको इतिहासमा त्रिभुवन विश्व विद्यालय ‘टप’ गर्ने विनय नै पहिलो भएको शिक्षाविद् गुञ्जबहादुर श्रेष्ठले बताउनुभयो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ६, २०८१ साल भदौ ११ गते मंगलबार (Aug 27, 2024)

# सेयर बजारमा हिमालयन रि र नेपाल लाइफको शक्ति बढ्यो



**काठमाडौं–** सेयर बजारमा हिमालयन रि र नेपाल लाइफ इन्स्योरेन्सको शक्ति बढेको छ ।

ठूलो पुँजीकरणका आधारमा यी दुई कम्पनी असारको तुलनामा साउनमा माथि उक्लिएका छन् । असार मसान्तसम्म आठौं स्थानमा रहेको हिमालयन रिइन्स्योरेन्स साउन मसान्तसम्म भने पाँचौं स्थानमा आएको छ । त्यस्तै टप १० बाहिर रहेको नेपाल लाइफ इन्स्योरेन्स नवौं स्थानमा आएको छ ।

दोस्रो बजारमा मूल्य उच्च दरमा घटबढ हुँदा पुँजीकरण पनि तलमाथि पर्न जान्छ । ठूलो पुँजीकरण भएका कम्पनीले बजारको परिसूचक नेप्सेलाई नै बढी प्रभाव पार्ने क्षमता राख्छन् । नेप्सेको तथ्यांक अनुसार साउन मसान्तसम्म पुँजीकरणका आधारमा नेपाल टेलिकमले पहिलो स्थान कायमै राखेको छ ।

साउन मसान्तमा टेलिकमको पुँजीकरण बढेर २ खर्ब पुगेको छ । त्यस्तै दोस्रो स्थानमा रहेको नबिल बैंकको १ खर्ब ७८ अर्ब, तेस्रोमा रहेको नागरिक लगानी कोषको १ खर्ब ५१ अर्ब र चौथोमा रहेको नेपाल रिइन्स्योरेन्सको १ खर्ब २४ अर्ब रुपैयाँ बराबर छ ।

हिमालयन रिको १ खर्ब २ अर्ब ४४ करोड, ग्लोबल आईएमई बैंकको १ खर्ब २ अर्ब २४ करोड, नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको ९३ अर्ब १७ करोड, एभरेस्ट बैंकको ८३ अर्ब ९७ करोड, नेपाल लाइफ इन्स्योरेन्सको ८२ अर्ब ९० करोड र एनआईसी एसिया बैंकको ८१ अर्ब ३१ करोड रुपैयाँ छ ।

# राष्ट्रिय बाणिज्य बैंकको फेष्टिबल अटोलोन सार्वजनिक

**काठमाडौं–** राष्ट्रिय बाणिज्य बैकले आरबिबि फेष्टिबल अफर सर्वजानिक गरेको छ । बैकलेआज फेष्टिबल अटो लोन डिजाइन सार्वजनिक गरेको हो । बैंकले सात प्वाइन्ट सत्हत्तर  प्रतिशत फिक्स सात बर्षको लागि योजना सार्वजनिक गरेको हो ।

नाडा अटोमोवाइल्स एसोशिएसन अफ नेपालले यहि भदौ ११ गतेवाट नाडा अटो शो गर्दै छ । उक्त सन्ध्यामा राष्ट्रिय बाणिज्य बैकले गरेको आरबिबि पेष्टिबल अफरले धेरै ग्रहकहरुको लागि सेवा पुग्न सक्ने देखिन्छ ।




# एभेष्ट बैंकले दिन थाल्यो बानेश्वर शाखाको सेवा आफ्नै भवनबाट




**काठमाडौं–** मिति २०८१ भाद्र ५ गते विशेष कार्यक्रम आयोजना गरी काठमाडौं महानगरपालिका वडा नं. १०, नयाँ बानेश्वर स्थित एभरेष्ट बैंक लिमिटेडले साविकको स्थानबाट करिब १५० मिटर पश्चिम आफ्नै नव निर्मित अत्याधुनिक सुविधा सम्पन्न भवनमा स्थानान्तरण भई सम्पूर्ण बैंकिङ्ग तथा सेवाहरु सुचारु गरेको छ ।

बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बाल गोपाल वैद्यले समुदघाटन गर्नु भएको उक्त समारोहमा अध्यक्ष डा. वैद्यले बैंक विश्वासको सहयात्री भएको साथ साथै नयाँ बानेश्वर र सो आसपासका बासिन्दाहरुलाई सरल, उत्कृष्ट, अत्याधुनिक तथा गुणस्तरीय बैंकिङ्ग सेवा प्रदान गराउने प्रतिबद्दता व्यक्त गर्नुभयो ।

साथै सो अवसरमा बैंकले एकै स्थानबाट सम्पूर्ण डिजिटल प्रविधि चलाउन मिल्ने "डिजिटल संसार" को सुभारम्भ गरेको छ । उक्त डिजिटल संसारमा, बैंकिङ्ग क्षेत्रको हाल सम्मकै अत्याधुनिक प्रणाली जडित उपकरण मार्फत ग्राहकवर्गलाई डिजिटल सेवा दिने व्यवस्था गरेको र उक्त स्थानको सुरुवात संगै ग्राहकहरुले एकै स्थानबाट खाता खोल्ने, नगद कारोबार गर्ने, चेक डिपोजिट गर्ने साथ साथै सेवा सम्बन्धी गुनासो सम्म डिजिटल प्रविधि प्रयोग गरी गर्न सक्ने व्यवस्था रहेको छ ।

पंजाब नेशनल बैंक भारत संग संयुक्त साझेदार रहेको यस बैंकमा १४ लाख भन्दा बढी सन्तुष्ट ग्राहकहरु रहेका छन् तथा देशैभरी छरिएर रहेको आफ्नो १२८ शाखा संजाल, ४ एक्सटेन्सन काउण्टर, ७ प्रादेशिक कार्यालयहरु, १६६ ए.टि.एम् सहित विश्वव्यापी नेटवर्कबाट अत्याधुनिक मोबाइल, इन्टरनेट र एस.एम् एस् बैकिङ्ग सुबिधा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाल सरकारको राजस्व संकलनको लागि ३२ वटा संकलन केन्द्रबाट समेत सेवा दिंदै आइरहेको छ ।

# पोर्टफोलियोबाट कोर बैंकिङ सफ्टवेयर पुमरी प्लस हट्दा मर्कन्टाइल अफिसको व्यापार घट्यो

**काठमाडौं–** एसर ब्राण्डको कम्प्युटर बिक्री गर्ने मर्कन्टाइल अफिस सिस्टम्सले सन् २०२२/२३ मा ६८ करोड ३० लाख रुपैयाँको व्यापार गरेको छ ।

कोर बैंकिङ सफ्टवेयर पुमरी प्लस बनाएको यस कम्पनीको कारोबार अघिल्लो वर्ष २०२१/२२ मा ८० करोड ८० लाख रुपैयाँबाट घटेको हो । सन् २०२२/२३ बाट कम्पनीले सूचना प्रविधि कम्पनी इन्फोडेभलपर्ससँग रणनीतिक साझेदारी गर्दै पुमोरी सफ्टवेयर मर्ज गरेको थियो ।




मर्ज भएपछि इन्फोडेभलपर्स एमओएस प्रालि नामको नयाँ कम्पनी खडा गरेर त्यो सफ्टवेयरको व्यवस्थापन गरिएको छ । जसका कारण मर्कन्टाइल अफिस सिस्टम्सको व्यापार घट्न पुगेको हो । किनभने कम्पनीले आम्दानीको ठूलो हिस्सा त्यही सफ्टवेयरबाट कमाउँदै आएको थियो ।

कम्पनीले इप्सन ब्राण्डका प्रोजेक्टर, प्रिन्टरलगायतका सामग्री बिक्री गर्छ ।

# ज्योति विकास बैंकका ग्राहकहरुलाई "Tranquility Spa" मा ३०% सम्मको विशेष छुट




**काठमाडौं–** ज्योति विकास बैंक लिमिटेडले काठमाडौंस्थित प्रचलित (Tranquility Spa) मा बैंकका ग्राहकहरूलाई ३०% सम्मको विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ ।

यस सम्झौतापश्चात्, ज्योति विकास बैंकका ग्राहकहरूले (Tranquility Spa) का देशभरका १७ वटै आउटलेटहरूमा हरेक सेवा तथा सुविधाहरूमा ३०% सम्मको आकर्षक छुट प्राप्त गर्न सक्नेछन् ।

साथै, (Tranquility Wellness Card (TWC) धारक ज्योति विकास बैंकका ग्राहकहरूले ब्युटी सैलून सेवाहरूमा ४०% छुट र स्पा, मसाज, स्टिम, साउना, जकुजी तथा अन्य सेवाहरूमा ६०% सम्मको विशेष छुट प्राप्त गर्ने अवसर पाउनेछन् ।

ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

स्वास्थ्यप्रद जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले हालसम्म करिब ९०० भन्दा बढी नेपाली शिशुहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ ।

यस्ता जिवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ ।

# महालक्ष्मी विकास बैंक अन्तराष्ट्रियस्तरमा मान्यता प्राप्त

**काठमाडौं–** महालक्ष्मी विकास बैंक अब अन्तराष्ट्रिय स्तरमा मान्यता प्राप्त (ISO 9001M 2015) प्रमाणित कम्पनी बनेको छ ।

गुणस्तर व्यवस्थापन प्रणाली (Quality Management System) मा अन्तराष्ट्रिय स्तरको गुणस्तरीय सेवा प्रदान गर्न अब्बल भए बमोजिम मिति २०८१ साल श्रावण ३२ (सन्२०२४ अगष्ट १६) देखी लागु हुने गरी बैंक प्रमाणित हुन सकेको हो ।

बैंकले "Provision of Development Banking Activities"अन्तर्गत प्रमाणपत्र प्राप्त गरेको र यस्तो प्रमाणपत्र प्राप्त गर्नेमा विकास बैंकहरुमा महालक्ष्मी विकास बैंक अग्रणी बैंक बनेको छ ।

अन्तराष्ट्रिय मापदण्ड अनुरुपको बलियो गुणस्तर व्यवस्थापन प्रणाली कायम गरेका साथै उत्कृष्ट सेवा प्रदान गर्न सक्ने, ग्राहक सन्तुष्टीलाई सुनिश्चित गर्न सक्ने तथा आफ्नो कार्य प्रणालीलाई निरन्तर रुपमा सुधार गर्न सक्ने संस्थाले मात्र यस्तो प्रमाणपत्र प्राप्त गर्न योग्य हुन्छन् । यस प्रमाण पत्र प्राप्तिको लागि यस बैंकको निति, नियम, प्रक्रिया, अभिलेखीकरण तथा समग्र व्यवस्थापन प्रणालीको जाँच तथा विस्तृत अडिट (Royal Impact Certification Ltd.USA) द्वारा गरिएको थियो ।




"सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत ३० वर्ष देखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरु र करिब ७ लाख ग्राहकहरु रहेका छन् ।

साथै मिति २०८०/०९/२८ मा सम्पन्न बैंकको २२ औ वार्षिक साधारण सभाबाट विदेशी बैंक वा वित्तीय संस्थालाई रणनीतिक साझेदारको रुपमा ल्याउन प्रस्ताव समेत पारित भएको छ ।

# गरिमा विकास बैंक (The Best Bank in Assets Quality) अवार्डबाट सम्मानित

काठमाडौं- भारतीय चेम्बर अफ कमर्सद्धारा भारतको नयाँ दिल्लीमा आयोजित  जित द्दलम Emerging Asia Banking Conclave and Award कार्यक्रममा कार्यक्रममा गरिमा विकास बैंक लिमिटेड The Best Bank in Assets Quality अवार्डबाट सम्मानित भएको छ ।

उक्त प्रतिस्पर्धामा बिम्स्टेक (BIMSTEC) देशहरु नेपाल, भारत, बंगलादेश, श्रीलंका, भुटान र म्यानमारका बैंक तथा वित्तीय संस्थाहरुको सहभागिता रहेको थियो । कर्जा तथा अन्य लगानीको गुणस्तर उत्कृष्ट रहेका बैंक तथा वित्तीय संस्थाहरुले प्राप्त गर्ने उक्त अवार्डको प्राप्तिसंगै गरिमा विकास बैंकले प्रवाह गर्ने कर्जा तथा अन्य लगानीको गुणस्तर उत्कृष्ट रहनुका साथै सुरक्षित समेत रहेको संकेत विकास बैंकले महशुस गरेको छ ।

कार्यक्रममा विकास बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद उपाध्याय र ट्रान्जेक्सन बैंकिङ्ग ईकाई प्रमुख नकुल पौडेलको उपस्थिति रहेको थियो ।

सो अवसरमा आयोजित Driving Efficiencies Across the Value Chain कार्यक्रममा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद उपाध्याय (Development Bankers Association, Nepal ) को समेत प्रतिनिधित्व गरी वक्ताको रुपमा सहभागी थिए । सो कार्यक्रममा वहाँले नेपालको बैंकिङ्ग परिदृष्य, बैंकिङ्गमा प्रविधिको प्रयोग र आगामी चूनौतीको सम्बन्धमा आफ्नो धारणा समेत प्रस्तुत गरेका थिए ।




उक्त Panel Discussion कार्यक्रममा गरिमा विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद उपाध्यायसंगै बैंक अफ भुटानका प्रमुख कार्यकारी अधिकृत दोर्जी कादिन, स्टेट बैंक अफ इन्डियाका चिफ जनरल म्यानेजर राजिव रञ्जन प्रसाद र न्यूजेन सफ्टवेयर टेक्नोलोजी प्रा.लि.का उपाध्यक्ष तथा दक्षिण एशिया व्यवसाय प्रमुख सुनिल पण्डिता मुख्य वक्ताको रुपमा रहनु भई वक्ताहरुले आफ्नो धारणा प्रस्तुत गरेका थिए ।

सो कन्क्लेभमा श्रीलंकाको केन्द्रीय बैंकका डेपुटी गभर्नर र बंगलादेशको केन्द्रीय बैंकका कार्यकारी निर्देशक समेत वक्ताको रुपमा सहभागी रहेका थिए ।

काठमाडौंको लाजिम्पाटमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंक लिमिटेडले काठमाण्डौं उपत्यकाभित्र २२ सहित देशभर १२३ शाखा कार्यालय, १ एक्सटेन्सन काउण्टर र ५० वटा  ATM मार्फत ग्राहकहरुलाई सेवा प्रदान गर्दै आईरहेको छ ।

# नेपाल आइपुग्यो 'जिकर एक्स', नाडा अटो शोमा सार्वजनिक हुने




**काठमाडौं–** नेपाली बजारका लागि बहुप्रतिक्षित लक्जरी एसयूभी जिकर एक्स नेपाल आइपुगेको छ । नेपालका लागि आधिकारिक वितरक पायोनियर मोटोकर्पले सो गाडी ११ भदौदेखी सुरु हुने नाडा अटो शोमा सार्वजनिक गर्ने जनाएको छ ।

जिकर एक्स भन्सार नाकासम्म आइपुगेको र केही दिनमै काठमाडौं भित्रिने कम्पनीले जनाएको छ । यसको रियर ह्विलर र अल ह्विल ड्राइभ भेरियन्ट नेपाल आउने र ती भेरियन्टको मूल्यबारे कम्पनीले यसअघि नै जानकारी गराएको थियो । जसअनुसार, यो नयाँ प्रिमियम ईभीको मूल्य क्रमशः ९० लाख र १ करोड ६० लाख रुपैयाँ तोकिएको छ ।

चिनियाँ अटो निर्माता जिली अन्तर्गतको प्रिमिमय ईभी ब्रान्ड जिकरले आफ्नो एक्स मोडको सिंगल मोटर भेरियन्टमा रियर-ह्विल-ड्राइभ तथा डुअल मोटरमा अल- ह्विल-ड्राइभ सिस्टम दिएको छ । सो नयाँ कम्प्याक्ट एसयूभीमा जिकरले ६६ किलोवाट आवरको ब्याट्री प्याक जडान गरेको छ, जसले सिंगल चार्जमा ४४० किलोमिटर रेन्ज दिने दाबी गरिएको छ । साथै यसको रियर ह्विल ड्राइभमा २०० किलोवाट तथा अल ह्विल ड्राइमा ३१५ किलोवाट क्षमताको मोटर राखिएको छ ।

सिंगल मोटर भेरियन्टले २०० किलोवाट पिक पावर तथा ३४३ एनएम टर्क र डुअल मोटर भेरियन्टले ३१५ किलोवाट पिक पावर र ५४३ एनएम टर्क जेनेरेट गर्दछ । स्टार्ट गरेको ३.८ सेकेन्डमै यसले शून्यदेखी १०० किलोमिटरसम्मको गति लिन सक्छ ।

जिकर एक्समा ५ वटा क्यामेरा, ५ मिलिमिटर वेभ राडर र १२ वटा अल्ट्रा सोनिक सेन्सर समेत जडान गरिएको छ । यो कारमा १४.६ इन्चको सेन्ट्रल स्लाइडिङ इन्फोटेन्मेन्ट स्क्रिन, २४.३ इन्चको हेड-अप-डिस्प्ले तथा ८.८ इन्चको इन्स्ट्रयुमेन्ट प्यानल राखिएको छ ।

जिलीको सस्टेनेवल इलेक्ट्रिक आर्किटेक्चरमा तयार पारिएको यो एसयूभीको लम्बाई ४४५० एमएम, चौडाई १८३६ एमएम र उचाई १५७२ एमएम छ भने ह्विलवेस २७५० एमएम लामो छ ।

# एमएडब्ल्यू वृद्धिले अटो शोमा दिपल एल०७ बाहेक नयाँ ईभी पनि सार्वजनिक गर्ने

**काठमाडौं–** नेपालका लागि चांगानको आधिकारिक विक्रेता एमएडब्ल्यू वृद्धि अटोकर्पले नाडा अटो शोमा प्रिमियम इलेक्ट्रिक एसयूभी दिपल एस०७ बाहेक नयाँ मोडेलको ईभी पनि सार्वजनिक गर्ने तयारी गरेको छ । अटो शोमा सार्वजनिक गरिने नयाँ ईभीको नामबारे भने कम्पनीले केही खुलाएको छैन अर्थात गोप्य राखेको छ ।


'सार्वजनिक गरिने नयाँ ईभीले ड्राइभिङ अनुभवलाई पुनः परिभाषित गर्नेछ । आफ्नो ट्यागलाइन दच द फ्युचरलाई नयाँ अर्थ दिनेछ,' कम्पनीका व्यवस्थापकले भने, 'अत्याधुनिक प्रविधि र नवीनतम सुविधाले भरिएको यो नयाँ ईभीले भविष्यको भावनालाई झल्काउनेछ । जहाँ ड्राइभिङ एउटा आवश्यकता मात्र होइन, एउटा पूर्ण रूपको अनुभव पनि हुनेछ ।'



यो 'गोप्य मोडल' लाई नाडा अटो शोको पहिलो दिन सार्वजनिक गरिने कम्पनीले जनाएको छ ।

'यो नयाँ ईभीले एस०७ को नवीनता र सफलतालाई पार गर्नेछ वा नयाँ स्थान सिर्जना गर्नेछ भन्ने जानकारी नाडा अटो शोको पहिलो दिन थाहा हुने कम्पनीले जनाएको छ ।

# हुन्डाईको फेष्टिभ डिलाइट २०८१ सार्वजनिक




काठमाडौं- हुन्डाई गाडीको लागि नेपालका आधिकारीक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा. लि. दशैं - तिहार लक्षित फेष्टिभ डिलाईट २०८१ योजना सार्वजनिक गरेको छ ।

आफ्ना ग्राहक महानुभावहरुको दशैं तिहार विशेष र हर्षोल्लासपूर्ण बनाउन हुन्डाईले विगतका वर्षहरुमा गाडीका साथै अन्य आकर्षक उपहारहरु दिँदै आएको छ । यस वर्ष पनि यहि परम्परा कायम राखि १ जना भाग्यमानीले हुन्डाई :बमभ ष्ल ल्भउर्बा हुन्डाई भेन्यु लक्की ड्र मार्फत प्राप्त गर्न सक्नेछन् । हुन्डाईको चाड पर्व लक्षित योजना नेपाली अटोमोवाइल बजारमा सबैभन्दा बहुप्रतिक्षित योजना मानिदै आएको छ ।

हुन्डाई फेष्टिभ डिलाइट २०८१ अन्तर्गत कुनैपनि हुन्डाई गाडीको खरीदमा रु. १० लाख सम्मको आकर्षक नगद छुट, स्काच कार्ड मार्फत थप रु.१ लाख सम्मको नगद छुटका साथै १ वर्षको लागि निःशुल्क सवारी वीमा तथा सवारी कर सुविधा पनि प्राप्त गर्न सक्नेछन् । आफ्ना ग्राहकहरुको सन्तुष्टिको निमित्त हुन्डाईले सदैव समय सापेक्षिक ग्राहक लक्षित योजनाहरु सार्वजनिक गर्दै आइरहेको छ ।

आउँदै गरेको ११ गते सुरु हुने नाडा अटो शो २०२४ मा बुकिङ्ग गर्ने ग्राहकहरुले पनि यस योजना बाट लाभान्वित हुन सक्नेछन । नाडा अटोशो २०२४ मा हुन्डाईको ब्ुद्द स्टल भ्रमण गरेर सम्पूर्ण महानुभावहरुले हुन्डाईका विभिन्न उत्पादनहरुको अवलोकन गरी आफ्ना जिज्ञासाहरु पनि मेट्न सक्नेछन् । सबै हुन्डाईका गाडीमा ३ वर्ष वारेन्टी र ६ वर्षको फ्रि सर्भिसिङ्ग उपलब्ध छ । यो योजना मंसिर २२ (छठ पर्व) सम्म लागू हुनेछ ।

यसै अवसरमा हालै चलिरहेको ज्थगलमबष त्भकत म्चषखभ बलम ध्ष्ल क्याम्पेन अन्तर्गत ग्राहकहरूले हुन्डाईको नेपालभरि रहेका कुनै पनि सोरुममा गई हुन्डाई गाडी को लाइनअपहरू मध्यबाट भर्खरै लन्च गरिएको नयाँ हुन्डाई क्रेटा र मेड इन नेपाल हुन्डाई भेन्यु टेस्ट ड्राइभ गरी आकर्षक उपहारहरु हात खाली नहुने गरी प्राप्त गर्न सक्नु हुनेछ ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि.ले नेपाल भरी १६ शोरुमहरु, १९ सर्भिस सेन्टरहरु तथा ४३+ चारजिङ पोइन्ट मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिरहेको छ । हुण्डाई मोटर कम्पनी विश्वकै ५ ठूला अटोमावाइल उत्पादक मध्येमा पर्दछ । यस कम्पनीका उत्कृष्ट उत्पादनहरुले विश्वभरि करोडौं ग्राहकहरुको मन तथा विश्वास जित्न सफल भएको छ ।

# खेलकुद

## शाकिब अल हसनलाई सबैखाले क्रिकेटमा प्रतिबन्ध लगाउन कानुनी नोटिस



**काठमाडौं–** बंगलादेशी क्रिकेटका पूर्वकप्तान शाकिब अल हसनलाई सबैखाले क्रिकेटबाट तत्कालबाट प्रतिबन्ध लगाउन बंगलादेशी क्रिकेट बोर्ड (बीसीबी) लाई आइतबार कानुनी नोटिस पठाइएको छ । रफिकुल इस्लामका वकिलले बोर्डसामु यो माग राखेका हुन् ।

इस्लाम गार्मेन्ट कारखानाका मजदुर रुबेलका बुबा हुन् र उनले आफ्नो छोराको हत्यामा अल हसनको हात रहेको आरोप लगाएका छन् । पूर्वप्रधानमन्त्री सेख हसिनाविरुद्ध चलेको आन्दोलनका त्रममा रुबेलको हत्या भएको थियो ।

त्यस आरोपमा १ सय ४७ जनाविरुद्ध मुद्धा दायर गरिएको छ र त्यसमा एक जना हसन पनि रहेका छन् । उनी अहिले पाकिस्तान भ्रमणमा रहेको बंगलादेशी टिममा रहेका छन् ।

उनले रावलपिन्डीमा भएको टेस्टमा बंगलादेशलाई दश विकेटले विजयी दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए । अल हसन हसिनाको अवामी लिगसँग पनि आबद्ध थिए र सांसद पनि रहेका थिए ।

## प्रिमियर लिग : एनफिल्डमा आर्नेको पहिलो जित



**काठमाडौं–** व्यवस्थापक आर्ने स्लटको पहिलो एनफिल्ड खेलमा लिभरपुलले आइतबार ब्रेन्टफोर्डलाई २-० ले हराएको छ । यससँगै लिभरपुलले इंग्लिस प्रिमियर लिगमा लगातार दोस्रो जित निकाल्यो ।

लिभरपुलले १३ औं मिनेटमा लुइस डियाजको गोलले अग्रता लिएको थियो । यो लिभरपुलका लागि डियाजको सयौं खेल पनि रह्यो । त्यसपछि मोहमद सलाहले ७० औं मिनेटमा दोस्रो गोल थपे ।

लिगमा दुई चरणका खेल सकिंदा लिभरपुलसँगै म्यानचेस्टर सिटी, ब्राइटन र आर्सनलले छ अंक बटुलेका छन् । आइतबारका अन्य खेलमा चेल्सीले उल्भ्सलाई ६-२ ले हरायो भने बर्नमाउथ र न्युकासल युनाइटेडले १-१ को बराबरी खेले ।

## ला लिगा :एन्डरिकको डेब्यु गोलमा रियल विजयी



**काठमाडौं–** एन्डरिकले डेब्युमा गरेको गोलमा रियल म्याड्रिडले आइतबार स्पेनी ला लिगामा भालाडोलिडमाथि ३-० को जित निकालेको छ । नयाँ सिजन रियलको यो पहिलो लिग जित पनि हो ।

बर्नाबाउमा भएको खेलमा फेडरिक भाल्भरडे र ब्राहिम डियाजले सुरुमा गोल गरेपछि ब्राजिली खेलाडी एन्डरिकले तेस्रो गोल थपेको हुन् । रियल आफ्नो पहिलो खेलमा मार्लोकासँग बराबरीमा रोकिएको थियो ।

अर्को खेलमा एटलेटिको म्याड्रिड पनि विजयी रह्यो । उसले जिरोनालाई ३-० ले पराजित गरेको हो । लिगमा दुई चरणको खेल सकिंदा सेल्टा भिगो र बार्सिलोना शतप्रतिशत नतिजासँगै शीर्षमा छन् ।

# साइमेक्स इंकले नेपालमा लन्च गऱ्यो उन्नत प्रविधि




**काठमाडौं–** नेपालमा बीवाईडी गाडीको आधिकारिक वितरक साइमेक्स इंक प्रा.लि ले २०२४ भर्सनको बीवाईडी एट्टो ३ औपचारिक रुपमा लन्च गरेको छ ।

नेपालको पहिलो स्पोर्टी इलेक्ट्रिक एसयूभी मानिएको बीवाईडी एट्टो ३ देशमा सबैभन्दा बढी बिक्री हुने एसयूभी बन्ने क्रममा तीव्र रुपले अगाडि बढिरहेको छ। नेपाल भित्रिएको दुई वर्ष भन्दा कम समयमै ३ हजार युनिट भन्दा बढी बीवाईडी एट्टो ३ नेपाली सडकमा गुडिरहेका छन् ।

ड्राइभिङ अनुभवलाई अझै राम्रो बनाउन बीवाईडी एट्टो ३ को २०२४ भर्सनमा धेरै आकर्षक अपग्रेड गरिनुका साथै नयाँ फिचर थप गरिएका छन्।

हाल यो गाडी आकर्षक कसमस ब्ल्याक कलर अप्सनमा समेत उपलब्ध भएको छ । यसका साथै यसको इन्टेरियर युनिक ब्ल्याक र ब्लु कलर स्किममा समेत उपलब्ध छ र यसले गर्दा आधुनिकता प्रदान गरेको छ । यसको एक्सटेरियरमा पनि महत्वपूर्ण सुधार गरिएको छ।

रियर ब्याज अर्थात पछिल्लो भागमा पहिले ‘ बिल्ड योर ड्रिम’ ब्याज रहेकोमा अब भने स्लिक खालको ‘बीवाईडी’ मात्र लेखिएको छ। डी-पिलर पहिले ड्रागन स्केल जस्तै प्याटर्न सहित सिल्भर कलरमा रहेकोमा अब भने स्टाइलिस ब्ल्याक कलरमा रहेको छ । यसले गाडीलाई स्पोर्टी डिजाइन प्रदान गर्न थप सहयोग गरेको छ।

बीवाईडी एट्टो ३ को इन्फोटेनमेन्ट सिस्टमलाई समेत थप अपग्रेड गरिएको छ। पहिले १२.८ इन्च रहेकोमा अब यो १५.६ इन्च छ र यसले ड्राइभर तथा प्यासेन्जरको डिजिटल अनुभवलाई अझै रमाइलो बनाउँछ।

सुपेरियर ग्रिप र सबै टेरेन्समा राम्रो ह्यान्डलिङ प्रदान गर्न गाडीको दुवै भेरिएन्ट हाई-पर्फमेन्स कन्टिनेन्टल टायरले सुसज्जित गरिएको छ।

बीवाईडी एट्टो ३ को २०२४ भर्सनमा थप गरिएको सबैभन्दा महत्वपूर्ण नयाँ फिचर बीवाईडी एप हो । सो अत्याधुनिक एप्लिकेसनले गाडी धनीको ड्राइभिङ अनुभवलाई सहज तरिकाले नियन्त्रण प्रदान गर्न भूमिका खेल्छ।

बीवाईडी एपमार्फत गाडीको रेन्ज र पावर लेभल चेक गर्न, टायर प्रेसर चेक गर्न र गाडीका ढोका तथा झ्याल बन्द भएको वा नभएको वारेमा थाहा पाउन सकिन्छ।

त्यसैगरी टाढैबाट गाडीको अवस्थिति पत्ता लगाउन, एसी सञ्चालन गर्न र गाडीको हर्न तथा लाइट नियन्त्रण गर्न सकिन्छ। बीवाईडी एट्टो ३ नवप्रवर्तनको पहिचान मात्र नभई दिगो यातायात समाधान समेत हो। बीवाईडीको ई-प्लेटफर्म ३.० मा बनेको र सुरक्षित ब्लेड ब्याट्रीद्वारा संचालित बीवाईडी एट्टो ३ मा इको-फ्रेन्ड्ली डिजाइन सहितको पावरफुल पर्फमेन्सको सम्मीश्रण छ।

यसको डिआईलिंक सिस्टममा उपलब्ध गराइएको नयाँ फिचर ‘क्याम्पिङ मोड’ ले गाडीलाई थप भर्सटाइल बनाउन भूमिका खेलेको छ।

र यसका कारण एड्भेन्चर तथा आउटडोरमा रमाउन चाहनेहरुका लागि रुचिकर बनेको छ । काठमाडौंको दरवारमार्गमा आयोजित लन्च इभेन्टमा पूर्व बैंकर तथा पब्लिक स्पिकर अनिल केशरी शाह र प्रसिद्ध गायक वाङदेन फिन्सो शेर्पा तथा बरिष्ठ हास्य कलाकार एवम् बीवाईडी नेपालका ब्रान्ड एम्बेसडर हरिबंश आचार्य लगायतका प्रसिद्ध व्यक्तित्वहरुको सहभागिता रहेको थियो।

सो अवसरमा २०२४ भर्सनको बीवाईडी एट्टो ३ को पहिलो ग्राहकलाई आचार्यले गाडी उपलब्ध गराएका थिए भने अन्य अतिथिहरुले समेत नयाँ बीवाईडी एट्टो ३ का ग्राहकलाई चाबी हस्तान्तरण गरेका थिए। बीवाईडी एट्टो ३ २०२४ भर्सन एड्भान्स्ड र सुपेरियर गरी दुई भेरिएन्टमा उपलब्ध रहेको छ।

एड्भान्स्डमा ४९.९२ किलोवाट आवरको ब्याट्री प्याक रहेको छ र यसको मूल्य ५६ लाख ९० हजार रुपैयाँ तोकिएको छ। त्यसैगरी सुपेरियरमा ६०.४८ किलोवाट आवरको ब्याट्री प्याक रहेको छ र यसको मूल्य ६७ लाख ८० हजार रुपैयाँ तोकिएको छ।

दुवैमा १०० किलोवाटको मोटर रहेको छ । बीवाईडी एट्टो ३ को २०२४ भर्सन कसमस ब्ल्याक, स्कि ह्वाइट, बुल्डर ग्रे र सर्फ ब्लु गरी विभिन्न चार कलर अप्सनमा उपलब्ध छ।

नवप्रवर्तन र दिगो वातावरणमैत्री यातायात समाधानका साथ साइमेक्स इंकले नेपालको विद्युतीय सवारी क्रान्तिमा लगातार रुपमा नेतृत्व प्रदान गरिरहेको छ । बीवाईडी एट्टो ३ २०२४ भर्सनले इलेक्ट्रिक भेइकल टेक्नोलोजी र डिजाइनको शिखरलाई प्रतिनिधित्व गरेको छ, जसले स्पोर्टी इलेक्ट्रिक एसयूभी कस्तो हुन्छ भनेर नयाँ मापदण्ड समेत स्थापित गरेको छ।

# प्रधानमन्त्रीले गरे काठमाडौं प्रहरीको नयाँ भवन उद्घाटन



काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले भद्रकालीमा निर्माण भएको जिल्ला प्रहरी परिसर, काठमाडौंको नयाँ भवन उद्घाटन गरेका छन् । सोमबार बिहान आयोजित कार्यक्रमका बीच प्रधानमन्त्री ओलीले भवन उद्घाटन गरे ।

२०७२ सालको भूकम्पपछि हनुमानढोकाबाट विस्थापित प्रहरीले टेकुमा पालमा बसेर सेवा दिइरहेको थियो ।

कार्यक्रममा बोल्दै गृह सचिव एकनारायण अर्यालले भने, ‘भूकम्पपछि प्रहरी वर्षौंसम्म गुणस्तरीय पूर्वाधारको अभावमा रहेर काम गरिरहनु परेको थियो, अब उप्रान्त नयाँ भवनबाट सेवा प्रवाह हुँदा सेवाग्राही बढी लाभान्वित हुनेछन् ।’ यसले प्रहरीमा उत्प्रेरणा र मनोबल पनि बढाउने उनले बताए ।

लामो प्रयासपछि प्रहरीले भवन निर्माणका लागि भद्रकालीमा खाद्य संस्थानको १५ रोपनी जग्गा पाएको थियो । त्यसपछि यसमा अत्याधुनिक भवन निर्माण गरिएको हो ।

भवनमा सामाजिक अपराध, लागुऔषध प्रयोग र कारोबार गर्ने, जघन्य अपराध गर्नेलाई छुट्टाछुट्टै राख्न मिल्ने खालको हिरासत सहितको संरचना छ। यो भवनमा टेकुबाट काठमाडौं प्रहरी २६ असारमै सरेको थियो ।

तर, सोमबार मात्र औपचारिक उद्घाटन भएको हो। उद्घाटन कार्यक्रममा प्रधानमन्त्रीसहित गृहमन्त्री रमेश लेखक, मुख्य सचिव लीलादेवी गड्तौला, निमित्त प्रधानसेनापति अशोकराज सिग्देल लगायत सहभागी छन् ।

पृष्ठ १ बाट जारी

## पहिरो...

छन् ।

**स्मरणरहोस:** पाहाडी जिल्लाहरुमा पैरोले विगतमा पनि जन धनको क्षति हुने गरेको छ । रामेछापकै साविकको बाम्ती गा.वि.स. वाडन १ थाप्रा भन्ने ठाउमा पनि २०५८ साल भदौ ४ गते यस्तै पैरो आई गाउनै बगाएर ४३ जनाको ज्यान लिएको थियो। त्यसैगरी सिन्धुपाल्चोक तथा पश्चिमका रोल्पा, सल्यान, रुकुम लगायत पाहाडी जिल्लाहरुमा पनि पैरोले यस्तै मानवीय क्षतिहरु गर्ने गरेको छ । यस्ता पैरोहरु पाहाडी जिल्लामा साउन अन्तिम र भदौ महिनाको पहिलो हप्ता बढी पैरो जाने गरेका छन् ।

ति विगतका पैरोका यस्ता घटनाहरु घटिसकेपछि पछुताउनु भन्दा अगावै मानवलाई जोखिममुक्त क्षेत्रहरु पहिचान गरी व्यवस्थित वस्तीहरुको निर्माण गरेर मानवहरुको सुरक्षा गर्नुपर्ने आवश्यकता बन्दै गएको देखिन्छ। आउदा दिनमा यस्ता पैरोवाट कुनैपनि नागरिकहरु पैरोमा परेर ज्यान नगुमाउन त्यसका लागि आवश्यक तयारीहरु सवै पुरा गरेर मानवको रक्षालाई प्रथामिकतामा राख्नुपर्ने देखिन्छ।

पृष्ठ २ बाट जारी

## रुपमती उपन्यस...

चोरेर खाने र चोखिन सासु सँग मुखमुखै लाग्ने ‘कुन तेरो बाउले घिच्यो ए पापीनी बुढी (पृ.८१)’ जेठाज्यु, सासु ससुराको मान मर्यादा नराख्ने, मुखमुखै लाग्ने र जगल्टाउन समेत पछि नपर्ने, लोग्ने लगाएत कसैलाई नटेर्ने माइतीको सम्पती उडाएर मोजमजा गर्ने उनी एक प्रतिकुल पात्र हुन् । जेठानीको शु–सन्देशमा रीसले मुख रातो बनाइन् हुन सम्म विस्मात भयो आँसु मात्र खसेन (पृ.६७) । कामको निउमा सिन्को नभाच्ने, खान अघि सर्ने, नपुगे चोरचार समेत गर्न पछि नपर्ने उनको स्वभाव देखिन्छ । उनी अरुको भलो नचिताउने, झगडा गर्न अघि सर्ने लोग्नेलाई कुलतमा फसाउने जस्ता खराब काम गरेर परिवारमा अशान्ति मच्चाएकी छन् । यिनी आफ्नै माईतमा समेत अपहेलित भएर बस्न सक्दिनन् । माइत आउदा भाउजु बुहारीले आफ्ना छोरीहरु मामाघर जादा ‘तेरी आमाले सबै थुतेर लगिसकीन् अब त के छ र खान्छेस् भुत्रो खा !’ (पृ.१०१) लोप्पो खुवाउथे । उपन्यासको अन्तिम परिच्छेदतिर पश्चत्ताप गर्दे स्वभाव परिवर्तन परेकाले यिनी गतिशिल चरित्र र समाजको दुष्ट आइमाईहरुको प्रतिनिधित्व गरेकाले वर्गिय चरित्रकी पात्र हुन् । उपन्यासमा बरालपुत्रीले मन थाम्न नसकेर ‘जेठानीको पाउ परेर रुन लागिन्’ (पृ ११६) र जेठानीको चर्चा गर्दा रुपमती आदर्श चरित्र भद्र महिला तथा उदात्त नायिका हुन् भने बरालपुत्री दुष्ट चरित्र दुच्छर महिला तथा खल नायिका हुन् । त्यसै गरी रुपमतीमा सदाचार, कर्तव्य परायण अनुशासन, स्नेह, सुशीलता, क्षमताशील, उदात्तता जस्ता सच्चरीत्र पाइन्छ । भने बरालपुत्रीमा दुराभार कर्तव्यहिनता, अनुशासनहिनता, ईर्ष्या, उदण्डता, प्रतिशोध, अनुदारता जस्ता भावहरु भेटिन्छ ।

**पण्डित्नी बज्यै**

रुपमती उपन्यासमा हविलाल तथा रविलालकी आमा र रुपमती तथा बरालपुत्रीकी सासु तथा नारी पात्रको रुपमा चिनिने पण्डित्नी बज्यै अनेकौ सासुमण्डलमा सामेल भएर बुहारीलाई सताउने सक्रिय सासुका रुपमा चिनिन्छिन् । आइमाई समुहमा आफ्नो हैकम चलाउन ‘इश्वरले यी आइमाईहरुलाई किन सृष्टि गरेका होलान् ? यी कुराका पोका, खसमका पिठ्युका भोका, बुद्धिका बोका, सधैका भोका, खल्छीका ढोका, आपत परेमा दिने भोका, देखाउने नाकमा झोका, के गर्ने यो ? बादरको पुच्छर लौरो न हतियार ! त्यसैले मलाई स्वास्नी मान्छे भन्यो की यसै जलन भएर आउँछ (पृ.७२)’ । यिनी हैकम चलाउने, कुरा दोचार्ने आइमाई मात्र होइन, कान्छो छोरालाई पुल्पुलाएर धुरीमा चडाउने आमा पनि हुन् । यिनको सोचमा निरङ्कुस व्यवहारले जरो गाडेको छ । अरुलाई गालि गर्ने, जिल्लाउने, क्षुद्र बोल्ने अमानवीय र अदुरदर्शी व्यवहार उनमा सधै रहेको पाइन्छ । उनमा असल मातृत्वको गुण र सहयोगी सासुको व्यवहार उनमा पटक्कै पाइन्न । यिनै कारणले गर्दा यिनको जेठी बुहारीलाई अबहेलना गरेर कान्छी बुहारीलाई जति उचाले पनि आखिर कान्छी बुहारीले साथ नदिएर उल्टै नराम्रो व्यवहार खप्न बाध्य परिन् । यति मात्र होइन, कान्छो छोरालाई पुल्पुल्याएकोमा पनि उनले त्यसको कु परिणाम भोग्न बाध्य हुनुपऱ्यो । अतः यस उपन्यासमा पण्डित्नी बज्यै प्रवृतिका दृष्टिले गतिहिन र उद्देश्यका दृष्टिले प्रतिकुल नारी चरित्र हुन् ।

**निष्कर्ष**

समाजको यथार्थ घटनामा आधारित रुपमती उपन्यासमा नारी पात्रहरुको चारित्रिक गुणलाई सुक्ष्म रुपले उठान गरिएको छ । रुपमती बरालपुत्री र पण्डित्नी बज्यैलाई प्रमुख नारी पात्रको रुपमा अघि सारिएको छ । रुपमतीको सच्चरीत्रले दिएको सकरात्मक सन्देश र बरालपुत्रीको व्यवहारबाट नकरात्मक सन्देशलाई नारीको चरित्रचित्रण गरिएको छ । रुपमतीको सासुले रुपमतीलाई गरेको अत्यचारमा जेठी बुहारीको सहनशिलता र कान्छी बुहारीको शुन्य सहनशिलता मा उपन्यास रोचक बनेको छ । सानै उमेरमा विवाह भएको रुपमती केहि समयका लागि माईत गएर बसेको समयमा उसको आमाले दिएको उपयुक्त संस्कार, धैर्यता, कर्तव्यनिष्ठता, सहनशिलता र महिला भएपछि गर्ने उपयुक्त व्यवहार सिक्ने अबसर पाएकी रुपमती सकरात्मक चारित्रिक गुणले युक्त नारी हो । सासुले आफु माथि गरेको अत्यचार आफ्नो भाग्य सम्झेर सहने रुपमती सासुबाट पनि केहि पाठ सिकेकी छन् । बरालपुत्री रुपमतीको देउरानी हो । रुपमती सँग बरालपुत्रीको कुनै पनि गुण मिल्दैन । रुपमतीको सास्कारीक चरित्र छ भने बरालपुत्रीको उदण्ड खालको चरित्र छ । बरालपुत्रीले लथालिङ्ग बनाएको घर रुपमतीले पुनः एकतामा जोड्ने काम गर्दछिन् । आमा र घरले सिकाइको पहिलो पाठशाला हो, जे सिक्छन् उस्तै व्यवहार गर्दछन् । दुःखमा नआत्तिन र सुखमा नमात्तिन धैर्यवान बन्नु पर्छ । परिवारमा सद्भाव र एकता हुन आवाश्यक हुन्छ । जुन कुरा रुपमतीको चरित्रले देखाउछ । छुद्र व्यवहारले अशान्ति र भाडभैलो ल्याउछ र बनेको घर लथालिङग हुन धेरै समय लाग्दैन जुन बरालपुत्रीको चरित्र थियो । सासुको कर्कसो स्वभावलाई चुपचाप सहेर सासु प्रति देखाएको सहानुभुति पारिवारीक पुर्नर मिलनले पुरै उपन्यास रोचक बनेको छ । वास्तवमा एक घरमा नारीको चरित्र सहि भयो भने त्यो घर साच्चै मन्दिर बन्छ भन्ने सकरात्मक सन्देश दिन खोजेको छ । रुपमतीबाट सुरु भएको घटनाक्रम एक नारी बाट उदण्ड र अर्को नारीबाट सकरात्मक चरित्रले उत्पन्न समस्या समधान भएर सकरात्मक पुर्नमिलनमा उपन्यासले पूर्णता पाएको छ ।

**सन्दर्भसूची**

•पाण्डे, रुद्रराज, रुपमती (सत्ताईसौ संस्करण), ललितपूर, साझा प्रकाशन, २०७३ ।

•पुडासैनि, घनश्यम, अन्दवेग नाटकमा त्रिकोणत्मक अँधोगति, मन्थन, काठामाडौ, २०७८ ।

•लम्साल, रामचन्द्र, रामप्रसाद भट्टराई, श्रीप्रसाद कडेल, नेपाली गद्य भाषा र साहित्य, काठमाडौं, सनलाइट पब्लिकेसन, २०७५ ।

•लम्साल, रामचन्द्र, रामप्रसाद भट्टराई, श्रीप्रसाद कडेल, नेपाली कथा र उपन्यास, काठमाडौं, शुभकामना प्रकाशन प्रा. लि., २०६९ ।

•बराल, कृष्णहरी, नेत्र एटम, साधारण नेपाली, काठमाडौं, वर्ल्डवाइड पब्लिकेसन प्रा.लि., २०६८ ।

•भट्टराई, रामप्रसाद, पूवीय, पाश्चात्य र नेपाली समालोचना, काठमाडौं, शुभकामना प्रकासन प्रा.लि., २०६९ ।

पृष्ठ १ बाट जारी

## घरेलु उद्योग...

देशकै पहिचान बोकेको भादगाउँले टोपीको प्रयोगलाई सरकारी कार्यालयका कर्मचारीहरूमा अनिवार्य गर्न सके यसको संरक्षणमा टेवा पुग्ने बताउनुभएको थियो ।

उक्त कार्यक्रममा सल्लाहकार विश्वराम दुवाल, भक्तपुर हस्तकला सङ्घका अध्यक्ष शम्भु श्रेष्ठ, भक्तपुर रेडिमेड व्यापार सङ्घका अध्यक्ष राजेन्द्रकुमार प्रजापतिलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो भने प्रमुख अतिथि, अतिथिलगायत सम्पूर्णलाई सङ्घका उपाध्यक्ष रत्नकाजी छुँजुले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

पृष्ठ १ बाट जारी

## नयाँ कार्यसमिति...

सापकोटाको समूहबाट महासचिवमा राजेन्द्रप्रसाद सुवेदी रहेका छन् भने अध्यक्षका प्रत्यासी सागर पाण्डेको समूहबाट महासचिवमा सोनाम ग्यालजेन शेर्पा रहेका छन् ।

अध्यक्षका प्रत्यासी सापकोटाको समूहबाट वरिष्ठ उपाध्यक्षमा कर्मा शेर्पा, प्रथम उपाध्यक्षमा विष्णुप्रसाद लम्साल, द्वितीय उपाध्यक्षमा सनम शेर्पाले उम्मेदवारी घोषणा गरे । यसैगरी अध्यक्षका प्रत्यासी पाण्डे समूहबाट वरिष्ठ उपाध्यक्षमा चोलेन्द्रबहादुर कार्की, प्रथम उपाध्यक्षमा दावा लामा र द्वितीय उपाध्यक्षमा निशेष थापाले उम्मेदवारी घोषणा गरेका छन् ।

यस्तै अध्यक्षका प्रत्यासी सापकोटाको समूहबाट सचिवमा रिञ्जी जाङबु शेर्पा, कोषाध्यक्षमा गौतमराज वाग्ले र सहकोषाध्यक्षमा लाक्पा तेम्बा शेर्पाले उम्मेदवारी घोषणा गरेका छन् । अध्यक्षका प्रत्यासी पाण्डे समूहबाट सचिवमा सजना त्रिपाठी, कोषाध्यक्षमा गणेशप्रसाद न्यौपाने र सहकोषाध्यक्षमा डम्बर अधिकारीले उम्मेदवारी घोषणा गरेका छन् ।

कार्यसमिति सदस्यमा सागर राई, सुमन अर्याल, राजु गुरुङ, दिनेश तिम्सिना, विश्व दाहाल, भुवनबहादुर खड्का, दावा ग्याल्जेन लामा, छेपेट लामा र पवित्रा तामाङले उम्मेदवारी घोषणा गरेका छन् । पाण्डे समूहका तर्फबाट कार्यसमिति सदस्यमा माधवकुमार धमला, विनोदकुमार तामाङ, सृष्टि भण्डारी, फुर्बु छिरिङ भोटे, उत्सव ढकाल, शिवप्रसाद सिलवाल र अम्बिरबहादुर गुरुङलेसमेत उम्मेदवारी घोषणा गरेका छन् ।

अध्यक्षका प्रत्यासी सापकोटाले पदमार्ग संरक्षण, त्यससम्बन्धी नीतिगत सुधार आफ्नो प्रमुख प्राथमिकता रहेको बताए । “पदयात्रा व्यवसाय विकासको दीर्घकालीन सोचसहित नीतिगत सुधार पहिलो प्राथमिकता हुनेछ”, उनले भने, “पदमार्ग नै नभए व्यवसाय सङ्कटमा पुग्ने खतरा छ, विकासका नाममा मासिँदै गएका पदमार्गको संरक्षणमा कटिबद्ध भएको लाग्नेछु । ”

आर्थिक समृद्धिको मुख्य आधार मानिएको पर्यटन क्षेत्रको महत्वपूर्ण पाटो साहसिक पर्यटनलाई पाठ्यक्रममा समावेश गराएर यसको प्रभावकारी प्रवर्द्धनका लागी आफूले पहल गर्ने उनको भनाइ थियो । सापकोटाले टानको नेतृत्वमा अन्तर्राष्ट्रिय स्तरको ‘ एडभेन्चर ट्राभल मार्ट’ आयोजना समेत गर्ने आफ्नो योजना रहेको सुनाए । टानको महासचिव पदका प्रत्यासी राजेन्द्रप्रसाद सुवेदीले पदमार्ग संरक्षण र नयाँ गन्तव्य प्रवर्द्धनका लागि सक्रिय भूमिका खेल्ने पनि बताएका छन् ।

अध्यक्षका प्रत्याशी पाण्डेले पर्वतीय पदयात्रा व्यवसायमा क्रियाशील व्यवसायी र मजदुरलाई प्रत्यक्ष फाइदा पुग्नेगरी ‘बृहद् टान अक्षयकोष’ निर्माण आफ्नो प्राथमिकता रहेको बताएका छन् । उनले पछिल्लो समय स्थानीय तहले जथाभावी रुपमा मोटरबाटो खन्दा पदमार्गहरु मासिँदै गएकाले त्यसको संरक्षणका लागि आफूले काम गर्ने बताए। उनले पदयात्रा व्यवसायमा लगाइएको भ्याट समसायियक नभएको भन्दै त्यसको पुनरावलोकनमा काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

टानको निर्वाचनमा अध्यक्ष, पदाधिकारी र सदस्य गरी कूल २५ सदस्यीय कार्यसमितिमध्ये १७ जना निर्वाचित र बाँकी सदस्य मनोनीत गर्ने व्यवस्था छ ।

# साहित्यिक पत्रकारिताका अथक साधक रोचक घिमिरेलाई नागरिक अभिनन्दन

■ जयराम बिडारी

**काठमाडौं–** साहित्य सृजना तथा साहित्यिक पत्रकारिताको क्षेत्रमा ६ दशक भन्दा अघिदेखि निरन्तर रुपमा सक्रिय रहेका अग्रज साहित्यकार तथा रचना द्वैमासिक साहित्यिक पत्रिकाका प्रधान सम्पादक रोचक घिमिरेको ८४औं जन्मदिनको अवसर पारेर नागरिक अभिनन्दनका रुपमा ९५ संघ संस्थाले एकसाथ सम्मान गरेका छन् ।

नेपाल स्रष्टा समाजको आयोजना तथा भैरव पुरस्कार गुठीको सहआयोजन लगायत ९५ साहित्यिक संघ संस्थाको संयुक्त संलग्नतामा शनिवार नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीस्थित लेखनाथ सदनको प्रेक्षालयमा आयोजित कार्यक्रममा वरिष्ठ समालोचक प्रा.डा.अभि सुवेदीको प्रमुख अतिथ्यमा सो कार्यक्रम सम्पन्न गरिएको थियो । नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन'को सभापतित्वमा तथा समिक्षक डा. शान्तिमाया गिरी, भैरव पुरस्कार गुठीका उपाध्यक्ष विजय चालिसे नेपाली शिक्षा परिषद्का अध्यक्ष रमा शर्मा, समाजका संरक्षक पवन आलोक, अग्रज साहित्यिक पत्रकार नगेन्द्रराज शर्मा, श्रृङ्खला मासिकका सम्पादक प्रवीण जोशी, प्रा.डा गोविन्दराज भट्ट, स्रष्टा पदयात्रा नेपालका अध्यक्ष शीतल गिरी, घुम्ति कवि गोष्ठी नेपालका अध्यक्ष माधवलाल श्रेष्ठ लगायत करिव २५० जना जति साहित्यानुरागीहरुको समुपस्थितिमा कार्यक्रम सुसम्पन्न गरिएको थियो ।

सो अवसरमा वरिष्ठ साहित्यकार तथा साहित्यिक पत्रकार रोचक घिमिरेको ८४औं जन्मदिनको उपलक्ष्यमा वृहत् नागरिक अभिनन्दन तथा 'रोचक रचना' अभिनन्दन ग्रन्थको लोकार्पण समेत गरिएको थियो । कार्यक्रममा अभिनन्दित व्यक्तित्व रोचक घिमिरेलाई उनकै कद बराबरको कलात्मक काठको फ्रेमभित्र पित्तलमा कुँदिएका अक्षरहरूको अभिनन्दनपत्र प्रमुख अतिथि प्रा.डा.अभि सुवेदीले घिमिरे पत्नी सुष्मिता घिमिरे लगायत परिवारका अन्य सदस्यहरुको उपस्थितिमा समर्पण गरेका थिए । सोही अवसरमा रोचक घिमिरेद्वारा बिगत ६३ वर्षदेखी सम्पादन गरिएको 'रचना' साहित्यिक द्वैमासिक पत्रिका विशेषांकका रुपमा अभिनन्दनग्रन्थ 'रोचक रचना' पनि लोकार्पण गरिएको थियो ।




उक्त अवसरमा लोकार्पित ग्रन्थमाथि डा.शान्ति माया गिरीले समीक्षात्मक टिप्पणी गर्दै प्रस्तुत 'रोचक रचना'ले समग्रतामा रोचक घिमिरे र उनका रचनात्मक शिल्पका बारेमा १५२ जना विभिन्न मुर्धन्य व्यक्तित्वहरुले लेख रचना, कविता, कृतितर्चा, रचनापरिवार तथा मित्र खण्ड, अन्तर्वार्ता, सिर्जना र परिशिष्टका रुपमा मिहिन ढंगले उजागर गरिएको बताउँदै घिमिरेको साहित्यिक सक्रियता, सुस्वास्थ्य र दीर्घजिवनको कामना गरेकी थिइन् । यसैक्रममा प्रमुख अतिथिको भूमिकामा रहेका वरिष्ठ समिक्षक प्रा.डा.अभि सुवेदीले जीवनको उर्वर समयदेखीनै निरन्तर रुपमा साहित्यको अथक साधना गर्ने क्रममा आधा शताब्दी पार गरिसक्दा पत्रिका लगायत आफ्ना कद नघटाई आफ्नै रफ्तारमा नियमित कर्म गर्दै जाँदा समाजले सामाजिक लेखापरिक्षण गर्दो रहेछ भन्ने ज्वलंत उदाहरणका रुपमा आजको यस कार्यक्रमले पुष्टि गरेको बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै कार्यक्रमका सभापति तथा नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदनले' रचना द्वैमासिक पत्रिका र रोचक घिमिरे एक अर्काका पर्यायवाचीका रुपमा स्थापित भइसकेका अग्रज साहित्यिक पत्रकार तथा लेखक घिमिरेलाई अभिनन्दन गर्न पाएकोमा समाज स्वयं पनि सम्मानित भएर नेपाली भाषा साहित्य जगत्को अभिनन्दन भएको कुरा बताए ।

अभिनन्दित व्यक्तित्व रोचक घिमिरेले २० वर्षको कलिलो उमेरमै रहरै रहरमा भैरव अर्याल र रमेश विकल, बिपी कोइराला लगायतको सल्लाहमा आफू साहित्यिक पत्रकारिताका क्षेत्रमा क्रियाशिल रहेको उल्लेख गरे । २०१८ सालदेखि नियमित रुपमा प्रकाशित रचना साहित्यिक पत्रिका र यसको निरन्तर पहरेदारको रुपमा रहेको आफ्नो भूमिकाले यसरी समग्रतामा नागरिक अभिनन्दनकै शैलीमा सम्मान प्राप्त गर्ला भनेर कहिल्यै नसोचेकोमा यो खुशी ब्यक्त गर्नका लागि आफूसँग कुनै शब्द नै नभएको बताउँदै आभार प्रकट गरे ।।

सो अवसरमा सहआयोजकका रुपमा रहेको भैरव पुरस्कार गुठीका उपाध्यक्ष विजय चालिसेद्वरा अभ्यागतहरुलाई स्वागत गरिएको उक्त कार्यक्रममा अभिनन्दनपत्रलाई कवि विधान आचार्यले वाचन गरी सुनाएका थिए । कार्यक्रममा रोचक घिमिरेका बारेमा वरिष्ठ साहित्यिक पत्रकार नगेन्द्रराज शर्मा, नेपाली शिक्षा परिषदकी अध्यक्ष तथा समाजकी सल्लाहकार रमा शर्मा, प्रा.डा. गोविन्दराज भट्टराई, शेषराज शिवाकोटी, र मोहन दुवालले शुभकामना मन्तव्य राखेका थिए । स्रष्टा समाजका महासचिव देविका तिमिल्सिनाद्वारा सहजकर्ताको भूमिका निभाएका उक्त कार्यक्रम सभ्य एवं भव्य रुपमा सम्पन्न गरिएको थियो ।

## कविता

### हाम्रो राजनीति



**उपेन्द्र बानियाँ**

नेपालको राजनीति, सधैं पङ्गु भयो ।
विकासको काम जति, त्यसै थाती रह्यो ।
निष्टावान राजनीति, देख्न पाइएन ।
कति भनौ यस्ता नेता, अब चाहिएन ।१

आफ्नो मान्छे भनीभनी, काँध चढाएर ।
बाइबाई गरी दिने, भैंमा लडाएर ।
बुद्धिछैन भनौं भने, कुर्ची हात लिन ।
गणितको खेलमात्र, हुन्छ रातो दिन ।२

केही काम गर्ने हैन, सत्ता मात्रै ताक्ने ।
सेवा गर्नु भन्दा बढि, गुड्डी गफ हाक्ने ।
सोझा साझा जनताले, विश्वासमा परी ।
भोट हाले चुनावमा, दुख गरी गरी ।३

फेरि पनि भोट माग्न, आए भने हामी ।
राम्रोलाई दिनु पर्छ नारी छामीछामी ।
पस्चाताप पर्‍यो ऐले, चिन्न नसकेर ।
बिकासको ठूलो मौका, त्यसैगयो खेर ।४

भन्न चाहिँ सबैजना, नेता फेरौ भन्छन् ।
चुनावको बेला भयो, फेरि हेरौ भन्छन् ।
सधैं यसो भनीभनी, बाटो बिराउने ।
कैले होला दाजु भाइ, चेत फिराउने ।५

पछि गाली गर्नु भन्दा, राम्रो नेता छानौ ।
मतदान गर्नु अधि, मत के हो जानौ ।
मोटा भए पूरा नेता, छैन कुनै होस ।
देश भाड्ने यिनै परे, दोष सतीलाइ ।६

## लघुकथा: गुन

धिरजको परिवार बडो उत्साहका साथ नयाँ घरमा सरेका थिए । तर नजिकको छिमेकी गतिलो रहेनछन । उमेरमा ५० कटेका भएपनि साह्रै दुस्ट स्वभाव । कति मुद्दा लड्नु, कति झगडा गर्नु । एकदिन वाक्क भएर धिरजले सम्झौता गर्‍यो । त्यसदिनबाट धिरजले छिमेकीसँग बाज्न छोडिदियो । उनले निहुँ खोजे पनि धिरजले हाँसेर नरम भएर ब्यबहार गरि नै रह्यो । उल्टो छिमेकीलाई खुसी राख्न धिरजले मिठाइ, चकलेट आदि कोसेली लगिदिन थाल्यो । दिन बिराएर खसीको मासु र भात घरमा नै बोलाएर खुवाउन थाल्यो । यसरी शत्रुलाई पोसेको देखेर श्रीमती बेलाबेलामा झर्की रहन्थी । ऊ हाँसेर भन्थ्यो, 'हुन्देउ न बुढी त्यति लगानी गरेर शान्ती त मिलेको छ नि ।'

त्यसरी नै हप्ता, महिना हुँदै केही बर्ष बित्यो । धिरज एक महिनालाई देश बाहिर गएको थियो । फर्केर आएपछि ऊ छिमेकीलाई बिदेशबाट लेराएको चकलेट लिएर भेट्न गयो ।

तर छिमेकीलाई देखेर ऊ छक्क पर्‍यो । छिमेकी त निकै दुब्लाएका रहेछन । उनले पिलपिलाउदै भने, 'धिरज बाबु, म अब यि मिठाइ, खसीको मासु र भात आदि केही पनि खान सक्तिन । तिमीलाई मैले धेरै दुख पनि दिएँ । माफ गर है ।'

धिरजले अचम्म मान्दै सोध्यो, 'किन र के भो दाइ? कसरी यस्तो दुब्लाउनु भो ?'

छिमेकीले आफ्नो हातको औसधीको बट्टा हल्लाउदै भने, 'मलाई त डाइबेटिज भएछ । फेरि कोलस्ट्रोल पनि धेरै नै पो बढेछ । डाक्टरले अब मुख बारेन भने मर्छस भनेको छ । यि हरेक दिन औसधी खानु पर्छ । बर्बादै भो नि ।'

छिमेकीको बिलौना सुनेर धिरज मुसुमुसु हाँस्दै घर फर्कियो । श्रीमतीले भनी, 'बैगुनीलाई गुनले मार्नु भनेको यही रहेछ ।'



**डा. अमर कार्की**
**ठेचो, ललितपुर**
**हाल: फ्लोरिडा, अमेरिका**
**मिती : अगस्ट २२, २०२४**

## गाली खाने गीत नगाउने : दुर्गेश थापा



**काठमाडौं–** गीत समेत गाउने मोडल दुर्गेश थापाले अब गाली खाने काम नगर्ने बताएका छन् । सांगीतिक प्रस्तुतिका लागि अस्ट्रेलिया आएका उनले थोरै गीत स्याबासी पाउने हिसाबले मात्रै निकाल्ने बताए ।

'अब म गाली खाने काम गर्दिनँ । गाली पनि धेरै खाएँ । थोरै गीत निकाल्छु, ताली खाने र स्याबासी पाउने मात्र निकाल्छु,' दुर्गेशले भने ।

उनले अस्ट्रेलियामा पनि आफूले गाली र आलोचना पाइने गीत नगाउने बताए । 'कति जोशमा गाइयो होला त कति साथीभाइको लहलहैमा गाइयो । सही सुझाव र सल्लाहको अवमा पनि म धेरै बहकिएको छु,' दुर्गेशले भन्, ' अब मबाट नेपाली गीत-संगीतको धज्जी उडाउने काम हुँदैन । जे गर्छु राम्रो गर्छु र सोचविचार गरेर मात्र गीत गाउँछु ।'

तीजका लागि अस्ट्रेलियाका विभिन्न सहरमा हुने कार्यक्रममा दुर्गेशले प्रस्तुति दिंदैछन् । गत साता एडिलेटमा ओर्लिएका दुर्गेशले बिहीबार त्यहाँ प्रस्तुति दिएका छन् । आइतबार उनी सिड्नीको ग्र्यालभिल पार्कमा आयोजना हुने कार्यक्रममा प्रस्तुत हुँदैछन् ।

## नारीको कथामा "अभागी तीज" सार्वजनिक, छोटो समयमा धेरै दर्शकको माया

**काठमाडौं–** समाजमा रहेका समासामुहिक बिषय बस्तुमा आधारित नारी जीवनको कथा तीजलाई लिएर कलाकार राज कुमार गिरीले "अभागी तिज" नामक लघु चलचित्र सार्वजनिक गरेका छन् । उक्त चलचित्रले छोटो समयमै दर्शको मन जित्दै दुई लाख साठी हजार दर्शकको माया पाएको छ ।

राज कुमार गिरीको कथा लेख्न/ निर्देशन रहेको लघु चलचित्र यति बेला निकै चर्चामा आएको छ । उक्त लघु चलचित्रमा थुप्रै कलाकार हरुको अभिनय फरक,फरक तरिकाले आकर्षित रुपमा देख्न सकिन्छ । मेन क्यारेक्टरको भुमिकामा बिनोद कार्की र सिर्जना नेवारणी रहेका छन् भने कलाकारहरु देवी कार्की, शिवराज शर्मा, विनोद कार्की, सिर्जना नेवारणी, अप्सरा गिरी, पुरोषोत्तम, सखकर्मी, प्रतिमा गिरी लगायत कलाकारहरुको अभिनय शशक्त रुपमा देख्न सकिन्छ ।

नारीको कथालाई लियर निर्माण गरिएको "अभागी तीज" नामक लघु चलचित्र नेपाली समाजमा रहेका बिबिध पक्षहरुलाई समय र परिस्थिति अनुसार गम्भीर तथा शन्देस मुलक तरिकाले प्रस्तुत गरिएको छ। समग्रमा यो चलचित्र हेर्दा धेरै मेहनतका साथ कलाकारहरुको अभिनय र उत्तिकै मेहनती निर्देशक तथा कथा लेख्नको भुमिका देख्न पाइन्छ । "

कलाकारिता क्षेत्रमा बिगत लामो समयदेखि आफ्नो छुटै पहिचान बनाउदै आएका कलाकार तथा निर्देशक राजकुमार गिरी कलाकारिता क्षेत्रका एक उदारणीय व्यति हुन् उनले गरेका सिर्जनाहरु निकै लोकप्रिय हुन्छन् केही समय अघि उनले गरेका कामको दर्शकले निकै प्रशंसा गरेका थिए । बिभिन्न सिरियल फिल्मका साइडबाट कलाकारिता क्षेत्रमा प्रबेश गरेका गिरी यति बेला निर्देशक,कथा लेख्न र छायाँकनको रुपमा निकै परिचित छन् उनले थुप्रै सिरियल सट-भिडियोमा निर्देशन र छायाकनको रुपमा काम गर्दै आएकाछन् ।

उनै लोक प्रिय निर्देशक कलाकारिता क्षेत्रमा



धेरै मनहत,संर्घष गरेर आएको र थुप्रै पुराना कलाकारसँग सह-कार्य गरी नया कलाकार लाई उचित स्थान दिएको,कलाकारिता क्षेत्रमा आफ्नो छुट्टै संघर्ष र मेनहत रहेको बताउदै , अब फरक तरिकाबाट दर्शकको मन जित्ने काम गर्ने, समाजमा सकारात्क शन्देश दिने सिरियल , लघुचलचित्रहरु निर्माण गर्ने, आर्के फिल्मस युटुब च्यानलबाट निरन्तर भिडियो आउने जन आकाश मिडियासँग राजकुमार गिरी बताउँछन् ।

## सौगातको 'बम बहादुर'




**काठमाडौं–** अभिनेता सौगात मल्लको शीर्ष भूमिका रहेको फिल्म 'बम बहादुर' आगामी कार्तिक ३० गतेबाट प्रदर्शनमा आउने निश्चित भएको छ । आइतबार प्रदर्शन मिति घोषणा गर्दै निर्माण टिमले फर्स्टलुक पोस्टर सार्वजनिक गरेको छ । जसमा सौगात लडाकुको पोसाकमा चित्रित छन् । पृष्ठभूमिमा बन्दुक बोकेका सैनिकहरू देखिन्छन् । फिल्मले द्वन्द्वकालीन समयको कथा भनेको पोस्टरले संकेत गर्छ ।

जोन राईको निर्देशनमा तयार भएको यो फिल्ममा प्रशान्त राई, अनिशा रसाइली, भास्कर प्रधान, महेन्द्र बग्दास, मदन भुजेल, भरत वशिष्ठ, रिया भुजेल, शान्तिला तामाङ, बाल कलाकार वाशित कार्की, सुरेश पाँचकोटी लगायतको पनि अभिनय रहेको छ । सञ्जीव सार्की निर्माता रहेको फिल्ममा जोन राई र रुपेश तामाङको कथा तथा पटकथा छ भने सुजोय कुमार घोष (मुन्ना)को छायाङ्कन छ ।

निर्देशक राईले फिल्ममा सस्पेन्स, थ्रिलर, प्रेम र सामाजिक कथाको समिश्रण रहेको बताए । 'यसको कथाले दर्शकलाई बम बहादुर (सौगात मल्ल) को बाल्यकालको स्मरणमा पुर्‍याउँछ, जहाँ उसका सुन्दर पलहरू एकाएक विगतको एक घटनाले छिन्नभिन्न हुन्छन् । फिल्म वर्तमान र विगतको कथा जोड्दै एउटा नाटकीय क्लाइमेक्समा टुङ्गिन्छ, जसले दर्शकलाई रोमाञ्चक बनाउँछ,' उनले भने ।

# पन्च ईभीले नेपालमा टाटालाई नम्बर वान बनाइराख्न मद्दत गर्छः सिजापति



**काठमाडौं–** नेपालका लागि टाटा मोटर्सको अधिकारिक वितरक सिप्रदी ट्रेडिङले नाडा अटो शोलाई लक्षित गर्दै विभिन्न नयाँ मोडलहरू सार्वजिक गर्ने भएको छ । सिप्रदी ट्रेडिङले नाडा अटो शोलाई नै लक्षित गरेर पन्च ईभी भित्र्याएको छ । भारतीय बजारमा राम्रो बजार पाइरहेको पन्च ईभी नेपाल ल्याउन लागिएको कम्पनीका महाप्रबन्धक शेवन्तजंग सिजापतिले बताएका छन् । सिजापतिका अनुसार "नाडा अटो शोमा हामीले पन्च ईभी राखेका छौं । जुन भारतीय बजारमा एकदमै धेरैले रुचाएको र राम्रो बिक्री भइरहेको मोडल हो । त्यसैले यस वर्ष नाडामा हामीले यसलाई लन्च गर्ने तयारी गरेका छौं । यो गाडीको फिचर एकदमै राम्रो छ । हामीले यो गाडीको मूल्य भने नाडा अटो शोमा नै सार्वजनिक गर्ने तयारी गरेका छौं । एक्च्युअल्ली, टाटा डट ईभी प्रेजेन्ट मार्फत नाडा अटो(शो' गर्दैछौं। त्यसबाहेक टाटाको चर्चित मोडल टियागो पनि नाडा अटो शोमा रहन्छ । मुख्य आकर्षणमा यी दुई मोडल राख्ने सोचेका छौं । त्यसबाहेक बजारमा चलेका अन्य मोडलहरू पनि हुन्छन् ।

### नाडा अटो शोमा सिप्रदीले विशेष अफर पनि राख्ने

सिजापतिले जानकारी दिदै भने, "अफरको हकमा हामीले हाम्रो कस्टमरहरूलाई जे अफर गरिरहेको हुन्छौं त्यो नै सबैभन्दा बेष्ट हो । सेल्स, सर्भिस र चार्जिङ नेटवर्कमा हामीले हाम्रो कस्टमरलाई कम्प्लिट प्याकेज नै अफर गर्ने हो । नाडा अटो शोमा पनि अझै यसलाई वेटर गर्ने कोशिस रहन्छ । त्यसबाहेक पन्च लन्च भइसकेपछि हामीले अन्य अफर के कति दिन सक्छौं त्यो नाडा अटो शोमा नै थाहा हुन्छ ।

सिजापतिको विचारमाः ईभीको मार्केट नेपालमा बढ्दो छ । पेट्रोल गाडीबाट बिस्तारै बजार सिफ्ट भएर ईभीतिर आउँदैछ । हामी विगत २ वर्षदेखि निरन्तर नेपालको नम्बर वान ब्राण्डको रूपमा स्थापित भएका छौं । र, पन्च जस्तो मास मार्केट प्रोडक्ट ल्याएपछि अझै हाम्रो पोजिसन राम्रो हुनेछ ।

सिजापतिले सिप्रदीको वारेमा जानकारी दिदै भनेका छन् , "सिप्रदीको के छ भने हामीबाट तपाईंले गाडी लिनुभएको छ अथवा तपाईं हाम्रो गाडी लिन चाहानुहुन्छ भने तपाईंले लिएर आएको गाडीमा भ्यालु एड गरेर पुरानो लिएर हामी नयाँ दिन्छौं । त्यसलाई एक्सचेन्ज गर्नका लागि हामीसँग इनहाउस एक्सचेन्ज सुविधा नै उपलब्ध छ । दोस्रो कुरा सर्भिस हो । यो चाहिँ सबै कन्जुमरहरू आफै पनि अलि प्रोएक्टिभ हुनुपर्छ । हाम्रो पूर्वदेखि पश्चिमसम्म विभिन्न स्थानमा सर्भिस सेन्टरहरू छन् । जहाँ पूर्णरूपमा हामीले दिने सेवा सुविधा दिइरहेका हुन्छौं । त्यसैले टाटामा यो समस्या पनि छैन । र, अर्को भनेको ब्याट्रीको कुरा । नेपालमा आफैले ब्याट्री डागोनोस्टिक एण्ड रिपेयर गर्ने हामी मात्रै एक हौं, जुन बागडोलमा छ । हाम्रो ब्याट्री टेक्नोलोजीलाई मर्मत गर्न र त्यसलाई नेपालभित्र नै कसरी रिपेयर एण्ड मेन्टेनेन्स गर्न सकिन्छ त्यो गर्नका लागि हामीले एक डागोनोस्टिक सेन्टर नै खोलेर राखेका छौं । टाटाको सबै ईभी गाडीको ब्याट्री मर्मत हामी त्यहीबाट गर्छौं । त्यसैले अन्य ब्राण्डहरूमा यी समस्या भए पनि टाटामा यस्ता समस्या छैनन् ।

सिप्रदी नेपालका लागि टाटा मोटर्स लि. को वितरक रहेको सिप्रदी ट्रेडिङले अटो क्षेत्रका ग्राहकहरुको मन र विश्वास जित्न सफल छ ।

# लिपमोटरको 'सी१०' ईभी नाडा अटो शोमा सार्वजनिक गर्ने भव्य तयारी

Shangrila MOTORS
LEAPMOTOR

**काठमाडौं–** नेपालका लागि लिपमोटरको आधिकारिक विक्रेतामा गोल्छा संगठनको सांग्रिला मोटर्स प्रालि नियुक्त भएको छ । सांग्रिला मोटर्स हाल नेपालमा सिट्रोन र प्युजो गाडीको आधिकारिक विक्रेता पनि हो ।

अब सांग्रिला मोटर्सले लिपमोटरको लक्जरी विद्युतीय सवारीसाधन (ईभी) नेपाली बजार ल्याउने तयारी गरिरहेको सांग्रीलाका बाण्ड हेरिरहनु भएका किरण श्रेष्ठले जानकारी दिएका छन् ।

सांग्रिला मोटर्सले ११-१६ भदौसम्म भृकुटीमण्डपमा सञ्चालन हुने नाडा अटो शोमार्फत लिपमोटरको (सी१०) मोडेलको ईभी सार्वजनिक गर्न लागेको हो ।

लिपमोटर स्टेलान्टिस अम्ब्रेला अन्तर्गतको कम्पनी हो, जसको प्युजो, सिट्रोन, जीप र फिएट गाडीको स्वामित्व रहेको छ ।

लिपमोटर सन् २०२४ सम्ममा बिक्रीका आधारमा चीनको चौथो ठूलो नयाँ ईभी स्टार्टअप कम्पनी हो । चीनमा बलियो उपस्थिति र युरोपमा बढ्दो पदचिह्नका साथ लिपमोटर अत्याधुनिक प्रविधि प्रयोग गर्ने कम्पनी हो ।




# २० प्रतिशत डाउन पेमेन्टमै टाटा विंगर खरिद गर्न सकिने

**काठमाडौं–** नेपालका लागि टाटा मोटर्सको अधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले धमाकेदार अफर ल्याएको छ । जसअन्तर्गत २० प्रतिशत डाउन पेमेन्टमा टाटा विंगर खरिद गर्न सकिने कम्पनीले जनाएको छ ।




कम्पनीका अनुसार ६ वर्षको चुक्ता भुक्तानी अवधि रहेको छ । सो गाडी खरिद गर्दा ७० प्रतिशत फाइनान्सिङ सुविधा पनि रहेको उल्लेख गरिएको छ ।

योजना अगस्ट महिनाभरि लागु हुनेछ । मासिक ६० हजार रुपैयाँदेखि सरल किस्तामा सो गाडी खरिद गर्न सकिने उल्लेख छ ।

## सुशासन प्रवर्द्धन गरौं

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितता विरुद्ध शुन्य सहनशील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार